# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com





## रास्वपा 'क्लोज क्याम्प'को सुझाव

# असोजमा राष्ट्रिय भेला, वैशाखमा महाधिवेशन

- केन्द्रीय समितिलाई विभिन्न १५ विषयमा सुझाव
- आगामी वैशाख तेस्रो साता पार्टी महाधिवेशन प्रस्ताव

**काठमाडौं (प्रस)–** संकटपूर्ण अवस्थाको सामना गरिरहेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को 'क्लोज क्याम्प'ले राष्ट्रिय भेला गर्न सुझाव दिएको छ। एकातिर, पार्टी सभापति रवि लामिछानेमाथि कानुनी चुनौती थपिनेगरी प्रश्नैप्रश्न उठेपछि अप्ठ्यारोमा परेकै बेला राष्ट्रिय भेला गर्नुपर्ने सुझाव आएको हो ।

क्लोज क्याम्प (बन्द कार्यशाला)ले पार्टी केन्द्रीय समितिलाई आगामी असोज ३ र ४ गते भेला गर्न सुझाएको हो । आगामी २०८२ को वैशाख तेस्रो साता महाधिवेशन गर्न पनि सुझाएको पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले बताए ।

बन्द कार्यशालाले केन्द्रीय समितिलाई विभिन्न १५ विषयमा सुझाव दिएको छ । जिल्ला संयोजक, उपसंयोजक र निर्वाचन क्षेत्र समितिको संलग्नतामा जिल्ला भेला गरेर तदर्थ समिति गठन गर्न र विधान संशोधन सुझाव कार्यदलको प्रतिवेदन भदौ मसान्तभित्र तयार गरी राष्ट्रिय भेलामा पेस गर्न सुझाव दिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# राप्रपामा दुईलाइन संघर्ष उत्कर्षमा

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा दुई लाइन संघर्ष झनै चर्किएको छ । पार्टी महाधिवेशन गर्ने अवधि नजिकिँदै जाँदा अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री डा. धवलशमशेर जबराले नेतृत्व गरेको भिन्नभिन्न खेमाबीच संघर्ष बढ्दै गएको हो ।

पार्टीमा लिङ्देनले एक्लौटी गरेको भन्दै जबरा समूहले विरोध गर्दै आएको छ । लिङ्देन भने जबरा समूहलाई नसुनेझैं गरेर अघि बढिरहेका छन् ।

बिहीबार र शुक्रबार काठमाडौंमा भएको पार्टीका जिल्ला अध्यक्षहरूको दुईदिने भेलामा लिङ्देन र जबरा समूहको टकराव छताछुल्ल भएको थियो । भेलामा जबरा समूहकै उपाध्यक्ष विक्रम पाण्डेले अध्यक्ष लिङ्देन र उनलाई देवत्त्वकरण गरेको भन्दै आक्रोश पोखेका थिए ।

'पार्टीमा नेतृत्वलाई बलियो बनाउनुपर्ने केही साथीहरूको धारणा सुनियो । के नेतृत्वलाई बलियो बनाउने पौष्टिक आहारा खुवाएर ? कि कसरी,' पाण्डेको भनाइ उदृत गर्दै भेलामा सहभागी एक नेताले भने, 'खाली नेतृत्व बलियो बनाउनुपर्छ भन्ने सुन्छु । बनाउनुपर्ने बलियो त पार्टी होइन र ?'

लिङ्देनपक्षीय नेताहरूले बारम्बार लिङ्देनको प्रशंसा गर्दै नेतृत्वमा उनलाई थप बलियो बनाउनुपर्ने मत प्रकट गरेका थिए । उपाध्यक्ष बुद्धिमान तामाङसहितका नेताहरूले एक सिट रहेको राप्रपा लिङ्देनको नेतृत्वमा चुनावमा जाँदा १४ सिटसहित बलियो शक्तिका रूपमा देखापरेको बताएका थिए ।

'नेतृत्वलाई सहयोग गरौं । आलोचनामात्रै नगरौं । बरु उहाँ (लिङ्देन)लाई थप बलियो बनाएर अघि बढौं,' तामाङको भनाइ थियो । तामाङको यही सवालमाथि जवाफ फर्काउँदै अर्का उपाध्यक्ष पाण्डेले पौष्टिक आहारा खुवाएर नेतृत्वलाई बलियो पार्नुपर्ने हो ? भन्दै सोधेका हुन् । लिङ्देनले पार्टीलाई संस्थागतरूपमा सञ्चालन गर्न नसकेको, राजसंस्था र हिन्दूराष्ट्रको एजेन्डालाई सशक्त ढंगले अघि बढाउन नसकेको, युवा वर्गलाई पार्टीमा स्थान दिन कञ्जुस गरेको र केही नेता कार्यकर्तालाई काखी च्यापेर र बहुसंख्यक नेता कार्यकर्तालाई टाढा पारेको भन्दै आलोचना परेको हो । त्यसरी नै लिङ्देनअघि बढे पार्टीलाई २०८४ मा हुने चुनावमा घाटा हुने उनको भनाइ थियो ।

गत वर्षको चैत तेस्रो साता लिङ्देनको नेतृत्वमा काठमाडौंमा राप्रपाले प्रदर्शन गरेको थियो । त्यसपछि राप्रपा थला पर्‍यो । भन्न चाहिँ राप्रपाले व्यवस्था परिवर्तनका लागि सत्तापलट हुनेगरी आन्दोलन गर्ने चेतावनी दिएको थियो । तर, आन्दोलनलाई राप्रपाले धान्न सकेन । यसपछि समीक्षा बैठकमा लिङ्देनलाई सरकार विरोधी प्रदर्शनलाई सशक्त बनाउन नसकेको भन्दै कतिपय नेताले विरोध जनाएका थिए । पार्टीका नेता ठाकुरमोहन श्रेष्ठलाई पार्टी कार्यालयमै कुटपिट गर्नेलाई पनि लिङ्देनले उन्मुक्ति दिएको भनिएको थियो । सत्तामा जान बारम्बार प्रयास गर्ने लिङ्देन कदमको पनि विरोध जबरा समूहले गर्दै आएको छ ।



- अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री डा. धवलशमशेर जबरा नेतृत्वको दुई समूहबीच संघर्ष
- अध्यक्षलाई बलियो बनाउनुपर्ने लिङ्देनपक्षीय नेताहरूको भनाइमा जबरा समूहको प्रतिरोध
- अध्यक्ष होइन, पार्टी बलियो बनाउनुपर्नेमा जबरा समूहको जोड
- आफू कमजोरै भएर पार्टीलाई बलियो बनाउन लिङ्देन तयार

> यहाँ सुनियो कि मलाई बलियो बनाउनुपर्छ भन्ने तर त्यस्तो होइन । म कमजोरै बसौंला तर पार्टीलाई बलियो बनाऔं ।
>
> ■ **राजेन्द्र लिङ्देन**
> अध्यक्ष, राप्रपा

> पार्टीमा नेतृत्वलाई बलियो बनाउनुपर्ने केही साथीहरूको धारणा सुनियो । के नेतृत्वलाई बलियो बनाउने पौष्टिक आहारा खुवाएर ? कि कसरी ।
>
> ■ **विक्रम पाण्डे**
> उपाध्यक्ष, राप्रपा

बैठकमा अध्यक्ष लिङ्देनले पाण्डेप्रति काउन्टर जवाफ फर्काएका थिए । उनले आफूलाई भन्दा पनि पार्टीलाई बलियो बनाउन पार्टी पंक्ति एकताबद्ध र प्रतिबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए । 'यहाँ सुनियो कि मलाई बलियो बनाउनुपर्छ भन्ने तर त्यस्तो होइन । म कमजोरै बसौंला तर पार्टीलाई बलियो बनाऔं,' लिङ्देनको भनाइ उद्धृत गर्दै अर्का नेताले बताए ।

जबरा समूहले प्रदेश खारेजीको एजेन्डाधारी दल राप्रपाले प्रदेश संसद्को नेतृत्व गर्न नहुने भन्दै पछिल्लोपटक कोशी प्रदेशमा सभामुख लिएको विषयलाई गम्भीर असहमति प्रकट गरेको थियो । अध्यक्ष लिङ्देनकै नेतृत्वमा पार्टी सरकारमा जानुलाई पनि यो समूहले अनपयुक्त भनेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# केयर गिभर तालिमको प्रमाणपत्र नक्कली !

## आवेदकले पेस गरेका शंकास्पद प्रमाणपत्रमाथि छानबिन गर्दै विभाग

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** इजरायलमा दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर) का लागि जान आवेदन दिँदा पेस गरिएको तालिम प्रमाणपत्र नक्कली भएको आशंका गरिएको छ । वैदेशिक रोजगार विभागले यही साउन ११ गतेसम्म प्राप्त आवेदन तथा कागजातहरूमाथि अध्ययन गरी इजरायल जाने केयर गिभरको छनोट प्रक्रिया अगाडि बढाउने क्रममा केही आवेदकहरूले नक्कली प्रमाणपत्र पेस गरेको हुनसक्ने आशंका गरिएको हो ।

विभागले गत असार ११ गते सूचना निकालेर केयर गिभरका लागि आवेदन आह्वान गरेकोमा चार हजार २४ जनाले अनलाइनमार्फत आवेदन दिएका थिए । जसमा दुई हजार २०९ जना पुरूष र एक हजार ८१५ जना महिला रहेका विभागले जनाएको छ। छनोट प्रक्रियामा रहेका केही आवेदनहरू अस्वीकृत भएको विभागका एक अधिकारीले जानकारी दिए। उनका अनुसार आवेदन दिनेहरूमा केहीले केयर गिभरका लागि चाहिने तालिमसम्बन्धी तीन महिने कोर्शको प्रमाणपत्र नक्कली पेस गरेको आशंकामा छानबिन थालिएको छ ।

'विभागले प्राप्त आवेदनहरूमाथि गम्भीररूपमा छानबिन तथा अध्ययन गरिरहेको छ,' ती अधिकारीले भने, 'नक्कली प्रमाणपत्र पेस गरेको आशंकामा केयर गिभरको तालिम प्रदान गर्न अनुमति प्राप्त तालिम प्रदायक संस्थाहरू र सिटिइभिटीद्वारा मान्यताप्राप्त संस्थालाई स्थापनादेखि हालसम्म तालिम लिएका प्रशिक्षार्थीहरूको विवरण माग गरिएको छ।'

> विभागले गत असार ११ गते सूचना निकालेर केयर गिभरका लागि आवेदन आह्वान गरेकोमा चार हजार २४ जनाले अनलाइनमार्फत आवेदन दिएका थिए । जसमा दुई हजार २० ९ जना पुरुष र एक हजार ८१५ जना महिला रहेका विभागले जनाएको छ ।

यसअघि विभागले केयर गिभरसम्बन्धी तालिमको प्रमाणपत्र किनबेच हुनसक्ने भन्दै सम्बन्धित संस्थाहरूसँग तालिम लिएका प्रशिक्षार्थीहरूको विवरण माग गरेको थियो । ती संस्थाहरूले विभागमा पेस गरेको विवरण र प्राप्त निवेदनहरूमा समावेश गरिएको प्रमाणपत्रको संख्याबीच अन्तर देखिएको बताइएको छ । 'तालिमप्रदायक संस्थाहरूबाट पुनः विवरण माग गरिएको छ, सबै विवरण आएपछि कति आवेदकले नक्कली प्रमाणपत्र पेस गरेका रहेछन् भन्ने थाहा हुने छ,' विभाग स्रोतले भन्यो, 'कतिपयले हामीले पेस गरेको संख्यामा छुट भएछ भन्दै थप विवरण पनि पठाएका छन्, ती शंकास्पद हुन सक्छन् ।'

केयर गिभरका लागि प्राप्त आवेदनहरू प्रमाणीकरण गर्ने क्रम जारी रहेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । प्रमाणीकरण गरेपछिमात्रै आवेदन स्वीकृत हुने उनले बताए । आवश्यक कागजात नपुगेका आवेदनहरू स्वीकृत नहुने उनले प्रस्ट पारे । नक्कली प्रमाणपत्रका सम्बन्धमा पनि कुरा उठिरहेको उनको भनाइ छ। महानिर्देशक घिमिरेले यस विषयमा विभाग गम्भीर रहेको बताए ।

'विभिन्न विधि, प्रक्रिया अपनाएर आवेदनसँगै पेस गरिएका कागजात नक्कली हुन् कि सक्कली भन्ने छुट्याउन सम्बन्धित टिमले काम गरिरहेको छ,' उनले भने, 'कुनै पनि कागजातमा शंका लाग्नेबित्तिकै छानबिनका लागि आवश्यक प्रक्रिया अपनाइने छ ।' विभागले इजरायबाट माग भएअनुसार केयर गिभरमा दुई हजार जनाका लागि आवेदन आह्वान गरेको थियो। जसमा एक हजार मुख्य उम्मेदवार र एक हजार वैकल्पिक उम्मेदवार रहने उल्लेख गरिएको छ। विभागले सुरुमा ८०० जनाका लागि आवेदन माग गरे पनि पछि इजरायलले कोटा थप गरेसँगै दुई हजार पुर्‍याएको हो।

# ४९ स्वास्थ्य संस्थाको नवीकरण

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने ४९ वटा स्वास्थ्य संस्थाको नवीकरण गरेको छ। मन्त्रालयले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ को र नियमावली, २०६४ को नियम ५४ (क) तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ मा व्यवस्था भएअनुसार ती संस्थाहरूको नवीकरण गरेको हो ।

मन्त्रालयको यही साउन १४ गतेको निर्णयअनुसार २०८० माघ १६ गतेदेखि आगामी २०८३ साल माघ १५ गतेसम्म हुनेगरी तीन वर्षका लागि नवीकरण तथा सूचीकरण गरिएको मन्त्रालयले जनाएको छ। वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गराउन इच्छुक स्वास्थ्य संस्थाहरूले सूचीकरण, नवीकरण भएको मितिदेखि तेस्रो वर्षको पुस मसान्तसम्ममा नवीकरणका लागि आवेदन दिनुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुरूप सूचीकरण एवं नवीकरणको अवधि समाप्त भएको संस्थाहरूले तोकिएबमोजिम दस्तुर, कागजात र अन्य विवरण बुझाएपश्चात् सूचीकरण नवीकरण गरिएको मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य परीक्षणका लागि सूचीकरण, नवीकरण हुने स्वास्थ्य संस्था उपत्यकामा १४२ र उपत्यकाबाहिरका सातवटा रहेका छन्। यसअघि सूचीकरण, नवीकरण हुनेमा उपत्यकाका १२२ र उपत्यकाबाहिरका २३ स्वास्थ्य संस्थाहरू रहेका थिए ।

# महिला भलिबलमा भारतविरुद्ध नेपालको ऐतिहासिक जित



■ प्रभाव संवाददाता

- भारत नेपालसँग ३-२ सेटले पराजित
- आज इरानसँग प्रतिस्पर्धा गर्दै नेपाल

**काठमाडौं–** नेपाली महिला भलिबल टोलीले भारतविरुद्ध ऐतिहासिक जित हात पारेको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा जारी काभा महिला भलिबल नेसन्स लिग प्रतियोगिताअन्तर्गत शनिबार दक्षिण एसियाली 'जायन्ट' मानिने भारतमाथि ऐतिहासिक जित निकालेको हो । नेपालले भारतलाई हराएको यो नै पहिलोपटक हो ।

अरुणा शाहीको कप्तानीमा रहेको नेपाली टोलीले पाँच सेटको खेल ३-२ ले आफ्नो पक्षमा पार्‍यो । दुवै टोलीले दुई-दुई सेट जितेपछि खेल निकै प्रतिस्पर्धात्मक र रोमाञ्चक बनेको थियो । अन्तिम सेट जित्नैपर्ने दबाबकाबीच नेपालले सुरुआतबाटै अग्रता लियो । भारतीय टोलीले कडा चुनौती दिए पनि नेपाललाई पछि पार्न सकेन । खेल जित्न नेपाललाई एक अंकमात्र चाहिएको स्थिति रहँदा भारत एक अंकले मात्र पछि थियो । अन्तिम अंक जोड्दै खेल जिताउनेक्रममा उषा भण्डारीले चलाखीपूर्ण प्रदर्शन गरिन् ।

नेपाली टोलीले जित हातपारेसँगै कभर्डहलमा उपस्थित युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीलगायतका 'भिआइपी'हरूले लगातार ताली बजाए । र, मन्त्री चौधरी उठेर खेलाडीहरूलाई बधाई दिए । उपाधिको प्रमुख लक्ष्यसहित श्रीलंकाविरुद्धको पहिलो खेलमा ३-० को सोझो सेटको जितसहित प्रतियोगिताको सुरुआत गरेको नेपालले प्रतियोगिताकै बलियो टिम भारतविरुद्धको ऐतिहासिक जितका लागि एक घण्टा ५५ मिनेट ४३ सेकेन्डको समय खेल्नुपरेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# आज मच्छिन्द्रनाथको भोटो देखाइँदै

पाटन (ललितपुर)- वर्षा र सहकालका देवताका रूपमा पुजिने रातो मच्छिन्द्रनाथको रथजात्रा आज भोटो देखाइएपछि सम्पन्न हुने छ । रथलाई बिहीबार जावलाखेल पुऱ्याइएसँगै आज आइतबार भोटो देखाउने जात्राको तयारी पूरा भएको गुठी संस्थान ललितपुरका प्रमुख बैकुण्ठ आचार्यले जानकारी दिए । ज्योतिषीहरूले निकालेका साइतअनुसार रातो मच्छिन्द्रनाथको रथ बिहीबार जावलाखेल पुऱ्याइएपछि आइतबार भोटो देखाउने कार्यक्रम तय भएको हो ।

गुठी संस्थान ललितपुरका प्रमुख वैकुण्ठ आचार्यका अनुसार रातो मच्छिन्द्रनाथको रथका चारै कुनामा उभिएर हीरा, मोती, मणि माणिक्य जडित भोटो आज अपराह्न ४:०० बजेपछि देखाइने छ । प्रमुख आचार्यले रथको चारैकुनामा उभिएर तीनपटक देखाउँदै 'यो भोटो मच्छिन्द्रनाथको हो ?' भनेर सोध्ने छन् ।

भोटो देखाएपछि करिब तीन महिनादेखि जारी रथजात्रा सम्पन्न हुने छ । 'भोटो देखाएकै दिन रातो मच्छिन्द्रनाथको रथलाई खटमा राखी बुङ्मती पुऱ्याउनुपर्ने परम्परा छ । छ महिनासम्म बुङ्मतीमा रथ राखेपछि साइत हेरेर पाटन मच्छिन्द्रबहालमा ल्याइन्छ । यसरी रातो मच्छिन्द्रनाथको रथलाई छ महिना पाटन र छ महिना



बुङ्मतीमा राख्ने चलन छ,' आचार्यले भने ।

गत वैशाख २७ गते रातो मच्छिन्द्रनाथको मूर्ति मच्छिन्द्रबहालस्थित मन्दिरबाट बोकेर रथारोहण गरेपछि उक्त जात्रा विधिवत्‌रूपमा सुरु भएको थियो । रथयात्रा आरम्भ भएपछि नगरका विभिन्न ठाउँ गावहाल, मंगलबजार, सुन्धारा, लगनखेल हुँदै जावलाखेलमा लगेर भोटो देखाइ समापन गर्ने गरिन्छ । यो जात्रा काठमाडौं उपत्यकाको सबैभन्दा प्रसिद्ध जात्रा हो । करिब एक हजार ६०० वर्षअघि सुरु भएको मच्छिन्द्रनाथको रथजात्रा वैशाख शुक्ल प्रतिपदामा सुरु हुन्छ ।

### यसरी सुरु भयो भोटोजात्रा

मल्लकालमा कर्कट नागकी श्रीमतीको आँखाको उपचार गरेबापत एक किसानले बहुमूल्य गहना र हीराजडित भोटो पाएको किंवदन्ती छ । यसरी उपहारस्वरूप किसानले पाएको त्यो भोटो खेतमा काम गर्दा हराएपछि किसानले व्यापक खोजी गर्न थाले ।

खोजी गरेर कहीँकतै नपाएका ती किसानले रातो मच्छिन्द्रनाथको जात्रामा आउँदा एक राक्षसले लगाएको देखेर 'यो भोटो मेरो हो' भनेर दाबी गरेको किंवदन्ती छ, यसरी दाबी गर्दा दुईजनाबीच व्यापक विवाद हुनपुग्दा दुवैले भोटो आफ्नो नै भएको प्रमाण पेस गर्न सकेनन् ।

सो विवाद राजासमक्ष पुऱ्याइएपछि रातो मच्छिन्द्रनाथको रथयात्राको अन्तिम दिन जसले सप्रमाण भोटो मेरो हो भन्छ, उसैलाई दिने सर्तमा नासोका रूपमा मच्छिन्द्रनाथलाई राख्न दिएको किंवदन्ती छ । सोहीअनुसार हरेक वर्ष राष्ट्रप्रमुखको उपस्थितिमा 'यो भोटो कसको हो ?' भनी देखाउने जात्रा सुरु भएको थियो । सोहीअनुसार कसैले पनि दाबी गर्न नआएपछि प्रत्येक वर्ष भोटो देखाइने प्रचलन छ ।

भोटोजात्रा अवलोकनका लागि राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय यादव र प्रधानमन्त्री केपी शर्मा ओलीलगायत मन्त्रीहरू, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरू, सुरक्षा निकायका प्रमुखहरू आज अपराह्न जावलाखेल पुग्ने कार्यक्रम छ । सोका लागि सम्पूर्ण तयारी पूरा भइसकेको ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले बताए । भोटोजात्राको अवलोकनपछि राष्ट्रपतिले जीवित देवी कुमारीको दर्शन गर्ने परम्परा छ ।

भोटो देखाउने कार्यको समन्वय गुठी संस्थान र सरसफाइदेखि मञ्च सजावटलगायत कार्य ललितपुर महानगरपालिकाले गर्ने संस्थानका प्रमुख आचार्यले बताए । भोटोजात्रासँगै परम्परागत बाजागाजा, गुरुजुको पल्टन र भक्तजनको लावालस्करका साथ रातो मच्छिन्द्रनाथलाई खटमा राखेर बुंगमती लगिने छ । मीननाथको रथ तानेर ललितपुरको टंगलमा पुऱ्याइने छ ।

काठमाडौं उपत्यकामा अनावृष्टि भए पनि गुरुजु बन्धुदत्त आचार्य सल्लाहअनुसार राजा नरेन्द्रदेवले भारतको कामरूपकामाक्षा (आसाम)बाट मच्छिन्द्रनाथ काठमाडौंमा ल्याइएको इतिहास छ । संस्कृतिको अध्ययन गर्दै आएका राजेश बज्राचार्यका अनुसार सन् ६४४ देखि ६८० बीचमा रथजात्राको परम्पराको थालनी भएको थियो । *रासस*

# देशभर २५ जनामा हैजा पुष्टि

**काठमाडौं (प्रस)–** देशभर २५ जना हैजाका बिरामी फेला परेका छन् । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले शनिबारसम्म सो संख्यामा हैजाका बिरामी फेला परेको जनाएको छ ।

महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेले काठमाडौं, ललितपुर र कैलालीमा शनिबारसम्म २५ जनामा हैजा पुष्टि भएको बताए । उनका अनुसार ललितपुरमा १६, काठमाडौंमा एक र कैलालीमा आठजना हैजाका बिरामी फेला परेका छन् ।

हैजा अतिसंक्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले हैजाको मुख्य लक्षण चौलानी पानीजस्तो दिसा आउने, वाकवाकी लाग्ने र वान्ता हुने, कडा जलवियोजन हुने गर्दछ । संक्रमणले गम्भीर अवस्थामा पुऱ्याउँदा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाब पहेँलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनसक्ने घिमिरेले बताए ।

हैजाका बिरामीलाई तुरुन्तै अस्पताल नपुऱ्याए ५० प्रतिशत मृत्यु हुने सम्भावन हुने गर्दछ । हैजाबाट सुरक्षित रहनका लागि झिँगा लागेको, बासी, सडेगलेको, नपाकेको, चिसिएको खुलास्थानका खाद्यपदार्थ खानु हुँदैन । पानीलाई उमालेर वा क्लेरिन प्रयोग गरेरमात्र प्रयोग गर्न र गराउन, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनको साथै चर्पीको प्रयोग र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचीमिची हात हुन महाशाखाले अनुरोध गरेको छ ।


## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**सयपत्री लजिष्टिक** प्रा.लि.) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नै व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"सयपत्री इम्पोरियम** प्रा.लि.(प्रा. लि. नं. २०५३३२)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


पृष्ठ १ बाट क्रमशः

## राप्रपामा दुईलाइन...

तर, लिङ्देनलाई अझैसम्म उपयुक्त र अपरिहार्य भन्दै आएको छ । सरकारमा जानुको औचित्य पुष्टि हुने बताउँदै आएका छन् ।

### रवीन्द्र मिश्र राप्रपामा सुकुम्बासी !

पूर्वपत्रकारसमेत रहेका रवीन्द्र मिश्रको राप्रपा प्रवेश तीन वर्ष हुनै लागेको छ । उनी पार्टीको वरिष्ठ उपाध्यक्ष छन् । पार्टी कार्यालयमा रहेको अभिलेखमा उनको पदीय जिम्मेवारी वरिष्ठ उपाध्यक्षकै हो । तर, सरकारको निकाय निर्वाचन आयोगले मिश्रलाई वरिष्ठ उपाध्यक्षको रूपमा चिन्दैन । कारण, उनको नाम निर्वाचन आयोगमा राप्रपाले बुझाएको दलीय विवरण अद्यावधिक छैन ।

राप्रपा जिल्ला अध्यक्षहरूको भेलामा जबरा समूहले नै मिश्र र उनको नेतृत्वमा विवेकशील साझा पार्टीबाट आएका नेता कार्यकर्तालाई किन राप्रपामा सुकुम्बासी बनाइयो भन्दै प्रश्न गरेको थियो । 'उहाँ आउनुभएको तीन वर्ष भइसक्यो । पद पनि वरिष्ठ उपाध्यक्ष हो तर उहाँलाई निर्वाचन आयोगले चिन्दैन,' बैठकमा सहभागी एक नेताले भने, 'यसरी उहाँहरूलाई सुकुम्बासी कहिलेसम्म बनाइराख्ने ? जवाफ चाहियो ।' मिश्र भने त्यसबेला मुसुक्क हाँसेका थिए ।

### अधिवेशन तयारीमा लाग्न निर्देश

भेलाले आगामी निर्वाचन र पार्टीको महाधिवेशन एउटै समयमा पर्ने भएकाले त्यहीअनुसार तयारी गर्न पार्टीका तहगत समितिहरूलाई निर्देश गरेको छ । २०८२ वैशाख मसान्तसम्म हरेक स्थानीय तहको अधिवेशन सक्ने लक्ष्य लिएको छ । सक्रिय सदस्यता वितरण र पार्टी प्रवेशलाई अभियानकै रूपमा राप्रपाले लाने भएको पार्टी प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए । उनका अनुसार कांग्रेस-एमालेले सरकार राम्रो नियतले गठन नगरेको राप्रपाको निष्कर्ष छ ।

'विभिन्न काण्डहरूलाई ढाकछोप गर्न नयाँ समीकरण बनेको छ । यसले जनताको अपेक्षाकृत परिणाम दिन सक्दैन । ठूला भनिएका पार्टीहरू दलदलमा फसेको र नयाँ भनिएका पार्टीहरूले जनतामा आशा पैदा गर्न नसकेको अवस्थामा राप्रपाको लागि उर्वर अवसरको रूपमा लिनुपर्छ भन्ने निष्कर्ष छ,' प्रवक्ता श्रेष्ठले बताए ।

## असोजमा राष्ट्रिय...

शासकीय स्वरूपका विषयमा पार्टीभित्र छलफल गरी संविधान संशोधनका बारेमा पार्टीको अवधारणा तयार गर्न, देशका गाउँदेखि सहर र विदेशसम्मका नेपालीसँग भेटघाट अभियानको सुरुआत गर्ने, स्थानीय तहमा छायाँ सरकार गठनको अभ्यास थालनी गर्न पनि बन्द कार्यशालाले सुझाव दिएको छ । पार्टीको केन्द्रीय अर्थ व्यवस्थापन समितिलाई विस्तार गरेर देश विदेशमा रहेका सबैलाई जोड्न पार्टी पिलर्स अवधारणा लागू गर्ने, क्यान्डिडेट क्लब र लिडरसिप एकेडेमीको नियमावली र कार्यविधि भदौ मसान्तभित्र तयार गर्न पनि सुझाव दिएको कार्यवाहक प्रवक्ता झाले विज्ञप्तिमार्फत जानकारी दिए ।

रास्वपामा सांसददेखि नेताहरू अनेक काण्डमा मुछिएका छन् । उपसभामुख इन्दिरा राना मगर हालैका दिनमा मानव तस्करीको आरोपमा मुछिएकी छन् । कांग्रेस र एमालेका सांसदहरूले उनलाई संसद्मै मानव तस्करीको रूपमा चित्रण गरेका छन् ।

पार्टी महामन्त्री डा. मुकुल ढकाल पदीय आचरणअनुसारको व्यवहार प्रदर्शन नगरेको भन्दै निलम्बित छन् । निलम्बित भएपछि उनले पार्टीका आन्तरिक विषयहरू सार्वजनिक गरिरहेका छन् । पार्टीका उपसभापति डिपी अर्याल, स्वर्णिम वाग्ले, महासचिव कविन्द्र बुर्लाकोटीलगायतका नेताहरूविरुद्ध विभिन्न आरोप छन् । सभापति लामिछाने बहुचर्चित सहकारी ठगी प्रकरणमा मुछिएका छन् । उनलाई एमाले सांसद सूर्यबहादुर थापा संयोजक रहेको संसदीय छानबिन विशेष समितिले गोरखा मिडिया नेटवर्कको तत्कालीन प्रबन्ध निर्देशकको हैसियतमा जवाफ मागेको छ । यसरी चौतर्फीरूपमा असहज परिस्थिति छँदा रास्वपा क्लोज क्याम्पमा बसेको हो ।

## महिला भलिबलमा...

पहिलो सेट नेपालले २५-१८ ले जित्यो । दोस्रो सेटमा भारतले पुनरागमन गर्दै नेपाललाई फराकिलो अन्तर २५-१२ ले सेट आफ्नो पक्षमा पाऱ्यो । दोस्रो सेट गुमाएको नेपाल तेस्रो सेटमा पुनः फर्कियो । तेस्रो सेटमा नेपालले भारतलाई २५-१७ ले हराउँदै दबाब दियो । लगातार दोस्रो सेट जित्दै ऐतिहासिक जितको खोजीमा रहेको नेपालले चौथो सेटमा भने केही लय गुमाउँदै १८-२५ अन्तरले भारतलाई सुम्पियो । त्यसपछि निर्णायक रहेको अन्तिम सेटमा नेपालले भारतविरुद्ध १५-१३ ले जित हात पार्दै नेपालको इतिहासमा अहिलेसम्मकै सबैभन्दा ठूलो नतिजा हात पार्न सफल भयो । नेपालको उक्त ऐतिहासिक जितले कर्भडहलमा उपस्थित दर्शक र आमनेपालीलाई खुसी दिलाएको छ ।

नेपाल र भारतबीचको यस खेल हेर्न खेलकुदमन्त्री, राखेप सदस्यसचिवलगायतका खेलप्रेमी कभर्डहल पुगेका थिए । भारतविरुद्धको अन्तिम अंकको प्रत्यक्ष साक्षी बनेका भलिबलप्रेमीहरूका आँखा रसाएका थिए । पूर्वमन्त्रीसमेत रहेकी रामकुमारी झाँक्रीसमेत उपस्थित रहेको कभर्डहलमा नेपालको जितसँगै खेलाडीहरूसमेतको आँखा हर्षका आँशुले भरिएको थियो । यस जितसँगै कप्तान शाहीले अहिले नै आफ्नो लक्ष्य पूरा नभएको जनाउँदै इरानविरुद्धको जित हात पार्दै शीर्षस्थानमा रहेर सेमिफाइनल प्रवेश गर्नुपर्ने बताइन् । यसअघि नेपाल र भारतबीचको महिला भलिबलमा सबैभन्दा उत्कृष्ट प्रदर्शन २०१९ को दक्षिण एसियाली खेलकुद (साग) को फाइनल दशरथ रंगशालामा थियो । उक्त खेलमा नेपाल ३-२ सेटले हार्दै स्वर्ण जित्नबाट चुकेको थियो ।

जारी प्रतियोगितामा नेपालसहित भारत, श्रीलंका, माल्दिभ्स र इरानको सहभागिता छ । शीर्ष चार टोलीले सेमिफाइनल खेल्ने छन् । उक्त प्रतियोगिताअन्तर्गत आज (आइतबार) नेपालले अर्को बलियो टिम इरानसँग खेल्ने छ भने अर्को खेलमा श्रीलंका र माल्दिभ्स भिड्ने छन् ।


## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०३/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (National Electric & Building Solutions प्रा.लि.) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नै व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम "National Electric And Building Solution प्रा.लि.(प्रा. लि. नं. ६४०५२)" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री मध्य पूर्वी पृतना हे.क्वा.,**
**बर्दिबास सैनिक शिविर, महोत्तरी**
**बोलपत्र आह्वानको सूचना**

सूचना नं. (IFB No.) :- NA/MEDHQ/081/82/01
(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२० गते

आर्थिक वर्ष २०८१/८२ मा श्री मध्य पूर्वी पृतना ह.क्वा., बर्दिबास सैनिक शिविर, महोत्तरी हाताभित्र रहेको सडकको Black Topped Road (Premix-Carpet) निर्माण गर्नको लागि विद्युतिय प्रणाली (e-GP System) को माध्यमबाट बोलपत्र आह्वान गरिएको छ । नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक बोलपत्रदाताहरुले खरिद कार्यको विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट http://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, २० साउन, २०८१**

| | |
|---|---|
| **मेष** | स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्नेछ । |
| **वृष** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **मिथुन** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **सिंह** | व्यस्तताले शरीर कमजोरीको अनुभूति हुने । |
| **कन्या** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **तुला** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **वृश्चिक** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **धनु** | विछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **मकर** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| **कुम्भ** | आत्माविश्वासको कमीले काममा पछि परिने । |
| **मीन** | हडबड गर्नाले काममा बाधा पुग्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० साउन, २०८१ (०४ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.६७ | १३४.२७ |
| युरो | १ को | १४४.७५ | १४५.४० |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६५ | १७२.४२ |
| स्विस फ्रैन्क | १ को | १५१.०७ | १५१.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८७.५३ | ८७.९२ |
| क्यानाडियन डलर | १ को | ९६.५७ | ९७.०० |
| सिंगापुर डलर | १ को | ९९.४६ | ९९.९१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.६३ | ३५.७९ |
| कतारी रियाल | १ को | ३६.६६ | ३६.८२ |
| थाई भाट | १ को | ३.७२ | ३.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३९ | ३६.५६ |
| मलेसियन रिङेट | १ को | २८.८१ | २८.९४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.४० | १९.४९ |
| हङकङ डलर | १ को | १७.११ | १७.१९ |
| कुवेती दिनार | १ को | ४३७.१६ | ४३९.१२ |
| बहराइन दिनार | १ को | ३५४.६० | ३५६.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**बागमतीमा जलयात्रा** | नेपाल नदी संरक्षण संस्था र फ्रेन्ड्स क्लव कुपोन्डोलले शनिबार बागमती नदीमा कुपोन्डोलबाट गरेको जलयात्रामा सहभागीहरू ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

# तल्लो चिप्लाका स्थानीय त्रिपालमुनि

**लमजुङ (प्रस)**– मर्स्याङ्दी गाउँपालिका-५ तल्लो चिप्ला गैरीगाउँका स्थानीय त्रिपाल टाँगेर बसेका छन् । यही साउन १२ गते परेको वर्षाले बस्ती माथिका जमिन चिराचिरा परेर पहिरो जाने जोखिम बढेपछि साउन १३ गतेदेखि यहाँका ४० घरपरिवार यतिबेला सोही गाउँ नजिकैको डाँडाँगाउँमा गएर त्रिपाल टाँगेर बस्दै आएका हुन् ।

वडाध्यक्ष घनश्याम घलेले बस्तीभन्दा करिब साढे १०० मिटरमाथि जमिन अविरल वर्षाले १५/२० मिटर धज्जा फाटेको र स-साना दर्जनौं स्थानमा जमिन फाट्न थालेकाले बस्ती जोखिममा परेपछि गाउँका स्थानीय त्रिपाल टाँगेर बस्न थालेको बताए । यतिबेला ठूलो पानी आएर जमिन बगाउन थाल्यो भने गाउँ बगाउन सक्छ ।

भिरालो ठाउँमा बस्ती भएकाले गाउँ पहिरोको उच्च जोखिममा परेपछि गाउँपालिकाबाट २५, जिल्ला प्रशासन कार्यालयबाट चार र नेपाल रेडक्रस सोसाइटीबाट १० त्रिपाल स्थानीयलाई सहयोग प्राप्त भएको तथा अस्थायी रूपमा मकै बारीमा त्रिपाल टाँगेर स्थानीयका लागि राति सुत्न व्यवस्थापन भइरहेको वडाध्यक्ष घलेले बताए । भदौसम्म जोखिम रहने भएकाले स्थानीयलाई मकैबारीमा त्रिपाल टाँगेर राखिएको उनको भनाइ छ । सो गाउँका करिब १६० स्थानीय रहेका छन् । मुख्यमुख्य सामान आफन्तकामा सारिसकेको वडा कार्यालयले जनाएको छ । बिहान बेलुका घरमा खाना बनाउने र खाने तथा सुत्नका लागि ५:३० बजे नै विद्यालय र आफन्तको घरमा जाने गरेको स्थानीय कमल गुरुङले बताए ।

'बिहानै घर फर्किन्छौं बालबच्चा र वृद्धाहरूलाई भने आफन्तको मै छाडेर सक्ने जति आउने र बिहान खाना खाएर खेतबारीमा काम गर्छौं, मौसम खराब भएको बेलामा काम गर्दा गर्दै छाडेर अर्को गाउँ जाने गरेका छौं,' उनले भने, 'हामीलाई यतिबेला घरमा खाना बनाउन खानादेखि काम गर्न पनि डराइडराइ गरिरहेका छौं, मौसम हेरेर बस्नुपर्ने स्थिति छ ।'

उनका अनुसार उपलब्ध त्रिपाल टाँगेर स्थानीय बस्न थालेका छन् । रातिको समयमा सो बस्ती नै खाली हुँदा सुनसान हुन थालेको छ । प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङले पहिरोको जोखिम रहेपछि अस्थायीरूपमा बस्नलाई त्रिपाल व्यवस्थापन गरिएको र स्थानीयहरू त्रिपाल टाँगेर बस्न थालेको बताए ।

बस्ती नै जोखिम स्थानमा रहेकाले पहिरोले घटना घटाउन सक्ने भएकाले तत्कालका लागि अस्थायीरूपमा अर्को गाउँमा स्थानीय त्रिपाल टाँगेर र आफन्तकोमा बस्न थालेकाले मान्छेहरू सुरक्षित रहने भए पनि पहिरो आएमा बस्ती सखाप हुनसक्ने प्रजिअ गुरुङले बताए ।

# प्रादेशिक अस्पतालले सेवा विस्तार गरेपछि बिरामीको घुइँचो




■ नारायण अधिकारी

**चितवन–** बागमती प्रदेशअन्तर्गतको बकुलहर रत्ननगर अस्पतालले पछिल्ला वर्षमा सेवा विस्तार गरेसँगै सेवाग्राहीको संख्या वृद्धि हुँदै गएको छ । अस्पतालले भौतिक पूर्वाधार, उपकरण र जनशक्ति व्यवस्थापन गरेर सेवा विस्तार गरेपछि बिरामी घुइँचो बढ्न थालेको हो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मदन ज्ञवालीका अनुसार गत आर्थिक वर्षमा अस्पतालबाट दुई लाख ५४ हजार ८३० जना बिरामीले सेवा लिएका छन् । आव २०७९/८० मा यो संख्या दुई लाख चार हजार ५०६ र आव २०७८/७९ मा एक लाख ५२ हजार ५२७ बिरामीले सेवा लिएका थिए । वार्षिक ५० हजारको हाराहारीमा बिरामीको संख्या थपिँदै गएको उनले जानकारी दिए ।

अस्पतालमा गत आवमा बहिरंग विभागबाट दुई लाख ४६ हजार ७२३, आव २०७९/८० मा दुई लाख तीन हजार ११०, आव २०७८/७९ मा एक लाख ४२ हजार ८०८ र आव २०७७/७८ मा ८५ हजार ५५२ जनाले सेवा लिएका ज्ञवालीले बताए । अस्पतालमा आकस्मिक सेवा लिनको संख्या पनि बढ्दै गएको उनले उल्लेख गरे ।

मेडिकल सुपरिटेन्डेन्ट डा. ज्ञवालीका अनुसार गत आवमा १८ हजार १०७ जनाले आकस्मिक सेवा लिएका छन् । आव २०७९/८० मा १३ हजार ९७, आव २०७८/७९ मा नौ हजार ७१९ र आव २०७७/७८ मा पाँच हजार ४१४ ले आकस्मिक सेवा लिएका उनले जानकारी दिए ।

प्रयोगशाला र रेडियोलोजी सेवा लिनेको संख्या पनि बढ्दै गएको छ । गत आर्थिक वर्षमा एक लाख पाँच हजार २१ जनाले प्रयोगशाला र रेडियोलोजी सेवा लिएका छन् । यो सेवा लिनेको संख्या आव २०७९/८० मा ९८ हजार ४२४, आव २०७८/७९ मा ४४ हजार ७८४ र २०७७/७८ मा ३३ हजार ११२ थियो । अस्पतालमा भर्ना भएर उपचार लिने बिरामीको संख्या गत आवमा तीन हजार ९८०, आव २०७९/८० मा तीन हजार ८५९ र आव २०७८/७९ मा दुई हजार ३१४ थियो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. ज्ञवालीले अहिले पनि पर्याप्त स्थान नभएकाले भर्ना गरेर बिरामीको उपचार सेवा दिन कठिन भइरहेको बताए । पछिल्ला वर्षमा भर्ना भई उपचार गराउने बिरामीको संख्या पनि बढ्दै गएको बताउँदै सेवालाई थप प्रभावकारी बनाउन संघीय र प्रदेश सरकारले नीतिगत तहबाटै सुधारका योजना बनाउनुपर्नेमा उनले जोड दिए ।

अस्पताललाई गत आर्थिक वर्षदेखि सरकारले १०० शयचाको स्वीकृति प्रदान गरेको बताउँदै ज्ञवालीले अहिले ९० शयचा सञ्चालन भएरहेको जानकारी दिए । पाँच शयचाको सघन उपचार कक्ष र आठ शयचाको बालसघन उपचार कक्षका लागि छुट्याइएको उनले उल्लेख गरे ।

अस्पतालमा विशेषज्ञ चिकित्सक २५, दन्त चिकित्सक चार, मेडिकल अधिकृत १७ सहित २४० जना जनशक्तिले सेवा दिइरहेका डा. ज्ञवालीले जानकारी दिए । न्यून जनशक्तिले धेरै बिरामीलाई सेवा दिँदै आइएको बताउँदै पर्याप्त जग्गा नहुँदा भौतिक पूर्वाधारका काम गर्न कठिन भएको, मिर्गौलाको डायलाइसिस उपकरण अभावमा बिरामीले धेरै समय कुर्नु परिरहेकाले समस्या भइरहेको उनको भनाइ छ ।

पछिल्ला दिनमा बिरामीको संख्या वृद्धि भएसँगै शयचा, शल्यक्रिया कक्ष, फार्मेसीको सुदृढीकरण गर्ने तयारी गरिरहेको डा. ज्ञवालीले बताए । उनका अनुसार मातृशिशु भवन निर्माण अन्तिम चरणमा पुगेको छ । अस्पतालमा ८० प्रतिशत स्वास्थ्य बिमाका बिरामी आउने गर्दछन् । मुख्यगरी पूर्वी चितवनका रत्ननगर, खैरहनी, राप्ती, कालिका नगरपालिकाका बिरामी आउने यस अस्पतालमा मकवानपुर, धादिङ, नवलपरासी र भरतपुरबाट बिरामी उपचारका लागि आउने गर्दछन् ।

विशेषगरी छालासम्बन्धी समस्या भएका बिरामी बढी आउने गरेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. ज्ञवालीले जानकारी दिए । यहाँबाट मेडिसिन, सर्जिकल, छाला, बालबालिका, नाक-कान-घाँटी, मनोरोग, हार्डजोर्नी, प्रसूति तथा स्त्री, दन्त चिकित्सालगायत सेवा प्रदान हुँदै आएको छ ।

### प्रयोगशालाको नतिजा स्वचालित मेसिनबाट

बिरामी र बिरामीका आफन्तले अस्पतालको प्रयोगशालाको नतिजा लिन लामो लाइन बस्नुपर्ने बाध्यता हटेको छ । यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा स्वचालित मेसिनबाट प्रयोगशालाको नतिजा (ल्याब रिपोर्ट) दिन थालेपछि बिरामी, कुरुवा तथा आफन्तलाई नतिजा लिन लामो लाइन बस्नुपर्ने बाध्यता हटेको हो ।

क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलले अस्पतालमा प्रयोगशाला रिपोर्ट दिने स्वचालित मेसिन जडान भएपछि लामो लाइनमा बसेर रिपोर्ट लिनुपर्ने बाध्यता हटेको बताए । मेसिनमा रहेको 'क्युआर स्क्यानर'मा सेवाग्राहीले आफ्नो बिलमा रहेको बारकोड देखाएपछि मेसिनबाट स्वचालितरूपमा सम्बन्धित व्यक्तिको रिपोर्ट प्रिन्ट भएर आउने उनले जानकारी दिए । यसअघि अस्पतालमा बिहान रगत जाँच गर्न दिएपछि दिउँसो २ बजेपछि प्रयोगशालाको रिपोर्ट दिइँदै आइएको थियो । यसअघि रिपोर्ट लिन लामो लाइन बस्नुपर्नेमा अहिले स्वचालित मेसिनबाट सहज सेवा प्रवाह भइरहेको सेवाग्राही बताउँछन् ।

'अब बिलमा भएको बारकोड स्क्यान गरेपछि तयार भएको रिपोर्ट आफैंले प्रिन्ट निकालेर सहजरूपमा लिन सकिन्छ । प्रयोगशाको रिपोर्ट ढिलो आउने, लाइन बस्नुपर्ने बिरामीको गुनासो अन्त्य भएको छ,' कार्यकारी निर्देशक डा. पौडेलले भने । दैनिक ९०० को हाराहारी नयाँ बिरामीले सेवा लिने गरेको भन्दै उनले प्रयोगशालामा ३५० को हाराहारीमा रगत जाँच हुने गरेको जानकारी दिए ।

यहाँ नेपालका सबै जिल्ला र भारतीय सीमा क्षेत्रबाटसमेत बिरामी उपचारका लागि आउने गर्दछन् । किमो र रेडिएसन दिनुपर्ने बिरामीले प्रत्येकपटक चिकित्सकलाई देखाउन आउँदा रगतको परीक्षण गर्नुपर्ने हुन्छ । प्रयोगशालामा अत्यधिक घुइँचो हुन थालेपछि अस्पतालले स्वचालित मेसिन जडान गरेको हो । *रासस*

# सर्पदंशको उपचार गर्न भरतपुर अस्पतालकै भर

**नारायणगढ (चितवन)**– चितवनको भरतपुर अस्पताल सर्पदंशको उपचारमा अब्बल देखिएको छ । देशको मध्य भागमा अवस्थित यस अस्पतालमा आसपासका विभिन्न जिल्लाका सर्पदंशका बिरामी उपचार गर्न यही अस्पतालमा आउने गरेका छन् ।

बर्खामा तराईमा बढीमात्रामा सर्पदंशको जोखिम रहने गर्दछ । भरतपुर अस्पतालको आकस्मिक कक्षका प्रमुख अलादीन मियाँका अनुसार २०८० साउनदेखि २०८१ असारसम्म ३७८ जनाको सर्पदंशको उपचार गरिएको छ । उनीहरूको उपचारमा सफलता प्राप्त भएको उनले बताए । यस वर्ष साउन महिनाको हालसम्ममा अस्पतालमा ७६ सर्पदंशका बिरामीको उपचार गरिएको छ ।

प्रमुख मियाँले भने, 'नवलपुरका एक बालकको उपचारका लागि ल्याउँदै गर्दा बाटोमै मृत्यु भयो । अस्पताल आइपुग्न ढिला हुँदा कतिपय बिरामीको मृत्यु हुने गरेको छ ।' यहाँ गोमन, करेतलगायत जातका विषालु सर्पले डसेका बिरामी बढीजसो उपचारका लागि आउने गरेका छन् ।

सर्पले डसेर आएका बिरामीलाई उच्च निगरामी राखेर उपचार गरिने उनले बताए । आकस्मिक कक्षबाटै सर्पदंशको उपचार सेवा दिइँदै आएको छ । सर्पदंशका बिरामीको उपचार गर्न अस्पतालको सघन उपचार कक्षमा छुट्टै शयचा राखिएको छ । हाल अस्पतालको सघन उपचार कक्षमा तीन सर्पदंशका बिरामीको उपचार भइरहेको प्रमुख मियाँले बताए । *रासस*


**यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेड को ९९ शैयाको बेड संख्याको होटेल सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना !**

(**प्रथम प्रकाशित मिति : २०८१/०४/२० गते**)

यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेडले बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका २६ मा ९९ शैया को बेड संख्या को होटेल सञ्चालनको लागि प्रस्ताव गरेको छ ।

**प्रस्तावक नाम र ठेगाना** : यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेड, काठमाडौं महानगरपालिका २६ अमृत मार्ग

**प्रस्तावको व्यहोरा**

**स्थान** : काठमाडौं महानगरपालिका २६ अमृत मार्ग, **कित्ता नं.** : ४७५,२३७५, २३७८,२३७४,२३७६,२३७७,२०३८
**उद्देश्य** : ९९ शैया को बेड संख्या को होटेल संचालन गर्ने । **क्षमता** : ९९ शैया
बागमती प्रदेश, संस्कृति, पर्यटन, तथा सहकारी मन्त्रालयको मिति २०८१/०३/१७ को सचिवस्तरीय निर्णयबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको कार्यसूची प्रतिवेदन स्वीकृत भएको थियो ।

**आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण**

**प्रभाव पर्न सक्ने** : जिल्ला/न.पा., वडा नं. | **काठमाडौं जिल्ला** : काठमाडौं महानगरपालिका २६, अमृत मार्ग

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गरें क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, संस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा.तथा त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| **कम्पनीको नाम** : यात्री सुइटस एण्ड स्पा पब्लिक लिमिटेड, | राज बन्धु सर्विसेस प्रा.लि. |
| **रजिस्टर्ड कार्यालय** : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका २६, अमृत मार्ग | बालुवाटार, ४ काठमाडौं |
| **फोन नं.** : 01–4423947, **इमेल** : info@hotelbuddy.com.np | फोन : ९८४१८७११९९, इमेल : rajbandhu_services@yahoo.com |



**ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT!!!**
**शुन्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

McDonald's

**COMPANY:** Al Maousherji Catering Co, Kuwait **(McDonald's Company)**
**कम्पनी** : अल मसुरजी क्याटरिङ को, कुवेत

Pre Approval Date : 2024-07-26 / पूर्व स्वीकृति मिति : २०८१/04/११
Re-Published Date : 2024-08-03 / पून: विज्ञापन मिति : २०८१/04/१९
LT. No. 308002 / एल टि न. ३०८००२
चलानी नं. ६०२२२७४६ / Invoice No. 60222746

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew/Waiter | 150 | 200 | 120 | ५२,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Final Interview will be Conducted on Hotel Crystal, Pashupati, Gaushala, Kathamandu on 12 & 13 Aug, 2024.
**अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति** : होटल क्रिष्टल, पशुपति, गौशाला, काठमाडौंमा मितिः २०८१ साउन २८ र २९ गते हुनेछ ।
Final Interview will be Conducted on Siddhartha Hotel Grand City, Birtamode, Jhapa on 15 Aug, 2024.
**अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति** : सिद्धार्थ होटल, ग्रयान्ड सिटी, झापामा मिति : २०८१ साउन ३१ गते हुनेछ ।
साथै यस कम्पनीको लागि Barista/Coffee Maker (Male/Female) को पनि माग आउने हुँदा निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

**Pre-interview is going on. प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।**
**The age of the applicant should be between 21 to 27 years. आवेदकको उमेर २१ देखि २७ वर्षसम्मको हुनु पर्नेछ ।**

**नोटः** आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा इमराल्ड आयल नेपाल लि. प्रा. लि. मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदकको उमेर २१ देखि २७ वर्षको हुनुपर्नेछ । साथै आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Emerald Isle Nepal Pvt Ltd to apply directly without using any mediators.
Applicated age to 21-27, Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने
who will bear the Service Fee By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**
**Emerald Isle Nepal Pvt Ltd(Gulmi Overseas Pvt Ltd) does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-01-4588542/4589323
Mob: 9801874000, 9801248108, 9801248107, 9801248106, 9801879000,
Send Documents on cv.einepal@gmail.com,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com.np

प्रभाव दैनिक National Daily

## सम्पादकीय

### हैजा संक्रमण थप फैलिन नदेऊ

**मुलुकमा सरुवा रोग हैजा संक्रमणको जोखिम बढ्दै गएको पाइएकोले आवश्यक सतर्कता अपनाउनुपर्ने आवश्यकता देखिएको छ । अहिले देशमा हैजाको संक्रमण फैलिँदै गएको छ । काठमाडौं उपत्यका र बाहिरका विभिन्न जिल्लामा हैजाका संक्रमित पुष्टि हुने क्रम बढ्दो छ । स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार शनिबारसम्म देशभर २५ जनामा हैजा संक्रमण पुष्टि भइसकेको छ । काठमाडौं, ललितपुर र कैलालीमा हालसम्म उक्त संख्यामा हैजा पुष्टि भएको हो । महाशाखाका अनुसार ललितपुरमा १६, काठमाडौंमा एक र कैलालीमा आठजना हैजाका बिरामी फेला परेका छन् ।**

**महाशाखाका निर्देशक डा. यदुचन्द्र घिमिरेका अनुसार हैजाबाट बच्न व्यक्तिगत सरसफाइ र सम्बन्धित निकायको व्यवस्थापकीय भूमिका महत्त्वपूर्ण हुन्छ । उनका अनुसार हैजाको सम्बन्ध सरसफाइबाहेक खानेपानीको आपूर्तिसँग पनि जोडिएको छ । हैजा 'भिब्रियो कोलेरी' प्रजातिको जीवाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखालासम्बन्धी रोग हो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुन हैजाका जीवाणु संक्रमित खाना वा पानीको सेवनका कारण लाग्ने गर्दछ । सरसफाइ तथा स्वच्छ खानेपानीको कमीले यो रोग फैलिने सम्भावना रहन्छ ।**

**हैजा संक्रमण भएको एक दिनभन्दा कम समयदेखि पाँच दिनसम्म लक्षणहरू देखा पर्छन् । हैजा संक्रमण भयो र उपचार पाएन भने केही घण्टामै संक्रमितको मृत्यु पनि हुनसक्ने विज्ञ बताउँछन् । डा. पुनका अनुसार यसका मुख्य लक्षणमा पातलो तथा चौलानी पानीजस्तो दिसा, वाकवाकी र बान्ता हुने, कडा जलवियोजन हुने हुन्छ । कडा लक्षण देखिएमा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुनु, तिर्खा लाग्नु, छाला सुक्खा हुनु, रक्तचाप कम हुन, पिसाब पहेँलो हुनु र पिसाबको मात्रा कम हुने हुन्छ । सुरक्षित पानी, व्यक्तिगत सरसफाइ र अनुगमनमा ध्यान दिनुपर्ने उनको सुझाव छ । उनी सबैभन्दा महत्त्वपूर्ण पाटो सफा र स्वच्छ पानी सेवन गर्नुपर्ने बताउँछन् ।**

**हैजालगायत पानीजन्य रोगबाट बच्न उमालेको वा क्लोरिन झोल हालेर शुद्धीकरण गरिएको पानी पिउने, खाने कुरालाई राम्ररी पकाएर खाने, खाना बनाउनु अघि र खाना खानु वा खुवाउनु अघि, दिसापिसाब गरेपछि वा बालबालिकाको दिसा धोएपछि, फोहोर चलाएपछि, घर वा कार्यालय छिर्नु अघि, बाहिर सामान छोएपछि साबुन पानीले कम्तीमा २० सेकेन्डसम्म मिचीमिची हात धुनुपर्ने विज्ञहरूको सुझाव छ । हैजाको संक्रमण थप फैलिने जोखिम बढेकाले यसको नियन्त्रणमा तत्काल प्रभावकारी कदम चाल्न जरुरी छ ।**

## मननयोग्य

### चाणक्य नीति

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा होस् स्वाभाविक हो महात्मा !'

होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा जस्तै कठोर तिमीले बन्नुपर्छ । म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ। राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछि मात्र कीर्ति पाउँछ जो राजर्षि बनी देशको सेवा गर्छ उसले गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्ने छैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरू ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो ! जुन शासकले विषपान गरी अमृत ओकल्दछ त्यहीं राजाने राज्यको सञ्चालन राम्ररी गर्न सक्छ ।

०००

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो। चाणक्य सतर्क भए। विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिस को रहेछ सोधेँ। प्रहरीले कुनै सिकारी आफ्नो नाउ वनराज भन्ने बताउँछ भन्यो। पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए। आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए। चाणक्यले उनलाई हेर्दै भने- 'भन त्रिनेत्र ! मगधका नागरिकको के प्रतिक्रिया छ ।' सम्मानपूर्वक शिर निहुराई त्रिनेत्रले भने-'पूज्यवर प्रजा चारैतिर परस्पर विरोधी कुरा गर्दछन् ।'

# बाहुन जात कि प्रवृत्ति ?



■ टिकाराम खड्का

यहाँ अमुक ब्राह्मण जात वा समुदायलाई मात्र दोषारोपण गरेर विभेदको अन्त्य हुनै सक्दैन । हाम्रो समाजमा ब्राह्मण जातका मानिसहरू राज्यको उपल्लो निकाय वा शक्तिमा रहेका छन् । तर, उनीहरूमात्रै विभेदका पहलकर्ता वा कथित जातीय अहंकारको बढावा दिने पात्र होइनन् । यसर्थ सिंगो नेपाली समुदायमा रहेको अहंकारसहितको कथित बाहुनवादको अन्त्यसहित विभेदरहित समाज निर्माण आजको आवश्यकता हो ।

समाजमा विद्यमान जातीय विभेद तथा कुसंस्कारविरुद्ध बहस गर्दा सबैभन्दा पहिले आउने विषय हो 'बाहुन जात' । गणतन्त्र नेपाल स्थापना भएर मुलुक संघीयताको संरचनामा चलिरहेको वर्तमान परिवेश अर्थात् २१औं शताब्दीको आजको युगमा समाज कता गइरहेको छ ? विज्ञान प्रविधिको युग भनिरहेका बेला कतै समाज ढुंगे युगको परम्परागत अभ्याससहितको चेतमा फर्किरहेको त छैन ? यस्तै प्रश्नहरूले बेलाबेलामा झस्काउने गर्छ । नेपालमा पछिल्लो समय जातीय एवं लैंगिकरूपमा घटिरहेका क्रुर, अमानवीय र पाशविक कतिपय घटनाले मानव-मानवबीच गम्भीर प्रश्न सिर्जित गराइरहेको छ । आज मैले यिनै विषयमा चर्चा गर्ने प्रयत्न गरेको छु ।

समाज वर्गीय छ भन्ने विश्वास गर्ने हो भने 'बाहुन' जातभन्दा पनि प्रवृत्ति हो । अर्को, समाज जातीय छ भन्ने हो भने 'बाहुन' जात नै हो । छुवाछूत वा जातीय विभेदको अन्त्य हाम्रो संविधानले नै स्वीकार गरिसकेको छ । तर, यस्ता सोच र प्रवृत्ति अझै समाजमा छन् । जसका कारण दलित समुदायका मानिसहरू दोस्रो दर्जाको मानिस जसरी जीवन व्यतीत गर्नुपरेको बाध्यतामा छन् । यो अत्यन्तै दुःखद् र लज्जाको विषय हो ।

अब बाहुन प्रवृत्ति किन हो भन्दा यो हरेक जातमा जातीय अहंकार छ । जसले आफूलाई कथित माथिल्लो जातको ठान्दछ र उसले भेद्भाव तथा उच-निचको व्यवहार देखाउँछ । यो प्रायः सबै जातिमा पाइन्छ । बाहुन, क्षेत्री, जनजाति, मुस्लिम, दलित, अल्पसंख्यक तथा अन्य थुप्रै जातमा यो अवस्था विद्यमान छ, जसले जात व्यवस्थाभित्रै बाहुनवादको अभ्यास गरिरहेको छ ।

जात व्यवस्थाभित्रका आन्तरिक समुदाय जुन छन्, उनीहरू एकले अर्कोलाई र अर्कोले एकलाई पूरै निषेध वा पुरै स्वागत गर्ने गर्छन् । रहनसहन, रीतिरिवाज, धर्मकर्म एउटै हुँदा पनि समुदायले निश्चित घेराको ढोंगी परम्पराको जग बसाएको छ, जुन तत्काल भत्किन एकदम मुस्किल छ । यही समुदाय आफ्नो इमान, प्रतिष्ठा, धर्म वा हैसियतको रूपमा चित्रण गर्दै जडसूत्रवादी बन्दै प्रकृतिको नियमविपरीत नै अमानवीय हर्कत देखाउँछ । यो प्रवृत्ति अत्यन्तै निकृष्ठ हो ।

अर्को पक्षबाट विश्लेषण गर्दा बाहुन जात नै हो । आफ्नो जात समुदायभन्दा केही तलमाथिबाट कुनै विषय उछालिएमा आफूमाथि षडयन्त्र भएको ठानेर उग्रभावमा प्रतिक्रिया जनाउनैपर्छ भन्ने गर्दछ । यसर्थ बाहुन प्रवृत्ति र बाहुन जात (अतिवादको वकालत गर्नेमात्र) आधुनिक समाज विकासका बाधक हुन् । यस्तो जात र प्रवृतिको विषयलाई परास्त पार्नैपर्छ । एउटा मान्छे अर्को मान्छे जसरी सम्मानपूर्वक बाच्न पाउनपर्छ ।

यसको अन्तर्य के हो भने यहाँ अमुक ब्राह्मण जात वा समुदायलाई मात्र दोषारोपण गरेर विभेदको अन्त्य हुनै सक्दैन । हाम्रो समाजमा ब्राह्मण जातका मानिसहरू राज्यको उपल्लो निकाय वा शक्तिमा रहेका छन् । तर, उनीहरूमात्रै विभेदका पहलकर्ता वा कथित जातीय अहंकारको बढावा दिने पात्र होइनन् । यसर्थ सिंगो नेपाली समुदायमा रहेको अहंकारसहितको कथित बाहुनवादको अन्त्यसहित विभेदरहित समाज निर्माण आजको आवश्यकता हो ।

केही हदसम्म समाज जातीयभन्दा पनि वर्गीय छ । वर्गका आधारमा व्यवहार हुने गरेका घटना पनि पाइन्छन् । सम्पन्नशाली र शक्तिशाली दलित समुदायकै मान्छेले जति विभेद भोग्नु पर्दैन त्यति नै गरिब तथा विपन्न पिछडा वर्गको दलितले विभेद भोग्नुपर्दछ । आजको सत्य के पनि हो भने, विभेद राज्यको चरित्र र शासक वर्गले खेल्ने भूमिकामा निर्भर गर्दछ ।

हाम्रो राज्यको मूल चरित्र कथित बाहुनवादमा निर्भर हुने खालको छ । जसले बाहचरूपमा बाहुनवादको विरोध गर्छ तर, आन्तरिकरूपमा बाहुनवाद पालेर बस्छ । आखिर यस्तो किन हुन्छ ? भन्ने विषय खोजी र अध्ययनको क्षेत्र हो । तर, बाहुनवादमा विश्वास गर्ने चरित्रको शासकले अन्तिमसम्म यही समुदायको भावनामा खेलेर राज्य गर्न चाहन्छ ।

## समुदायभित्रकै विभेद अन्त्यको आवश्यकता

हामी जुन व्यवस्थामा छौं त्यो व्यवस्थाले भेद्भावको अन्त्य गरेर समतामूलक समाज निर्माणको परिकल्पना गरेको छ । तर, हाम्रो समुदाय आफैंमा पनि एकताबद्ध बन्न जरुरी छ । दलित समुदायभित्र रहेको बाहुनवाद आजको खतरा र संकटको विषय हो । आन्तरिक एकता र समुदायको उत्थान आधुनिक मानव समाजको एउटा महत्त्वपूर्ण विषय पनि हो । हामी हाम्रो आन्दोलनलाई माथि उठाउन जहिले पनि बाहुनवाद प्रवृत्ति सोचका नेतृत्वलाई साथ दिँदै आएकै कारण देखिँदा पूरा तर व्यवहारतः आंशिक परिवर्तन भोग्दै आएका छौं । यसर्थ दलित समुदायको एकता र आन्तरिक भेद्भावको अन्त्यको निम्ति पहिलो पहलकदमी लिएर समुदायभित्रबाटै नेतृत्व छनोट गर्ने र एकपटक क्रान्तिकारी परिवर्तनका लागि अभियान चलाउन आवश्यक भइसकेको छ ।

अहिले सरकारले दलितको सहभागिता, दलित समुदायप्रति देखाएको उदासीनतालगायतका विषयले नै पनि कम्युनिस्ट भनिने पार्टीहरू यथार्थमा परिवर्तन, समुदायको उत्थान र विकासमा विश्वास गर्दैनन् भन्ने पुष्टि हुन्छ । संसदीय राजनीतिमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायतका दलहरू नै पश्चागमनको पदचाप समात्न सकिन्छ कि भन्नेमा आधार खोज्दै दलित समुदायभित्रको आन्तरिक एकता र सद्भावलाई खलबल्याउन कुनै न कुनै भेषमा रङ दलिदिन्छन् । वर्षौंदेखि पीडा भोग्दै आएको यो समुदाय अन्ततः यस्तै विषयमा अल्झिन बाध्य हुन्छ । तर, यी पार्टीमा दलित समुदायमाथि उदार र अधिकार दिलाउने मामिलामा माओवादी युद्धको ठूलो भूमिका छ । जसले १० वर्षे जनयुद्धको बलमा दलित समुदायमाथि ठूलो चेतना भरिदिएको छ । यद्यपि, अब यो पर्याप्त भने हुन सकेको छैन ।

दलित समुदायभित्र पनि विभेद छ । तर, ती नगन्य मात्रामा पाइन्छन् । दलित समुदायभित्र पनि बाहुनवाद छ तर त्यो पनि केही हदसम्म पीडा समान भएकै कारण एकता चाहन्छ । दलित समुदायले बनाएको त्रिशूलदेखि अन्य औजार तथा मूर्ति मन्दिरको शीर्ष भागमा राखिन्छ त्यो चल्छ, तर बनाउने हात चल्दैनन् भन्ने राम्ररी बुझ्दामात्रै पनि यो समुदायको एकता क्षणभरमै हुन्छ । घटनाक्रमबाट नै दलित समुदायमाथि गरिने भेद्भावको बाहुनवाद प्रवृत्तिगत दृष्टिकोण झल्किन्छ ।

पछिल्लो समय दलित समुदायले पाएको आरक्षणको विरोध हुन थालेको छ । आरक्षण दलित, महिला, मधेसी, मुस्लिम, अल्पसंख्यक, जनजाति, खसआर्य, पिछडावर्ग, दुर्गम भनेर किटान नै गरिएको छ । आखिर यो किन गरियो भन्ने विषय पनि ध्यान दिनैपर्छ । आरक्षण राज्यको हरेक निकायमा उनीहरूको सहभागिता समान होस् र समानताका आधारमा समाजको विकास होस् भन्ने नै त हो । आरक्षण त्यो समयसम्म रहने हो जहिलेसम्म अवसरमा विभेदको अन्त्य र समानता ल्याउन सकिन्न । तर, यहाँ यसलाई नै विषय बनाएर आरक्षण लिने विषयले नै विभेदको सुरुआत गऱ्यो भन्नु गलत र बुझाइको कमी हो भनेर भन्न डराउन हुन्न ।

## पत्र-मञ्जुषा

# बढ्दो विमान दुर्घटनाले उब्जाएको प्रश्न

आजभन्दा साढे चार दशकअगाडि काठमाडौं उपत्यकाको बस्ती निकै पातलो थियो । ललितपुरको इमाडोल क्षेत्र, जडीबुटीको नरेफाँट, काँडाघारी, पेप्सीकोला, मूलपानी, बौद्ध, गौरीघाट र जोरपाटीको नयाँबस्ती पूरै खाली थियो । यहाँ बस्ती नै थिएन । कोटेश्वर महादेवथान, तीनकुने, शान्तिनगर, गैरीगाउँ क्षेत्रमा पनि बस्ती थिएन ।

यी क्षेत्रमा अहिले घनाबस्ती बसेको छ । तर, त्यहाँका बसोबासीलाई रातमा निद्रा न दिनमा भोक भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा केही दिनअघि मात्र विमान दुर्घटनामा पऱ्यो । दुर्घटनामा परेर १८ जनाले त घटनास्थलमै ज्यान गुमाए । विमान दुर्घटनामा परेर मान्छे मरेको घटना यो पहिलो होइन ।

पटक-पटक विमान दुर्घटनामा परेका छन् । सो दिन त्यहाँ कन्टेनर नभएको भए पूरै बस्ती नै सखाप हुन्थ्यो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थापना भएको लामो समय बितिसकेको छ । यो नेपालकै पहिलो अन्तर र्राष्ट्रिय विमानस्थल हो । पहिलेभन्दा जनसंख्या धेरै बढिसकेको छ ।

जनसंख्या बढेपछि बस्ती पनि बढ्यो । यता, सरकारले हरेक जिल्लामा विमानस्थल पनि बनायो । विदेशबाट पनि दिनहुँ दर्जनौं विमान नेपाल आउने गरेका छन् । त्यसैले विमानस्थल सानो भएको छ । सरकारले अब कि विमानस्थल सार्नुपऱ्यो कि त बस्ती हटाएर विमानस्थल ठूलो बनाउनुपऱ्यो । नत्र यसले ठूलो दुर्घटना निम्त्याउन सक्छ । बस्तीको बीचमा विमानस्थल राख्नु कानुनविपरीत छ । किनकि विमान निकै जोखिमपूर्ण हुन्छ । तर, धेरैको घर विमानस्थलकै छेउमा छ । लाखौं मान्छे सो क्षेत्रमा बसोबास गरिरहेका छन् । विमानस्थल छेउमा घर बनाएकाहरूलाई अहिले निकै तनाव छ ।

विमान दिनरात उड्छन् । आवाजले सुत्न महामुस्किल छ । अर्कोतिर, जतिबेला पनि उनीहरूलाई दुर्घटनाको चिन्ताले पिरोल्ने गरेको छ । विमानस्थल छेउछाउ जग्गा किनेर घर बनाउनु उनीहरूका लागि अभिसाप बनेको छ । अहिले आफ्नो घर बेच्छुभन्दा पनि कसैले किन्दैनन् । विस्तारै त्यहाँ कोठा पनि खाली हुन्छ ।

किनकि त्यहाँ बस्नु डरमर्दो छ । कतिबेला के हुन्छ ? भन्न सकिन्न । सरकारले अब त्यहाँको घरजग्गा नकिन्नु भनी सर्वसाधारणलाई सूचित गराइदिनुपर्छ । किनकि टाठाबाठाहरू अरूलाई आफ्नो घर भिडाएर आफू उम्किने खेलमा छन् । यसले त सोझाहरू फस्ने भए ।

एउटा उदाहरण नै हेरौं, २०६५ मंसिर १ गतेको मन्त्रिपरिषद्को बैठकले खोला किनारको २० मिटर छोडी संरचना बनाउनुपर्ने निर्णय गऱ्यो । गत पुस ३ गते सर्वोच्च अदालतले त्यसमा २० मिटर थप गरिदियो । ४० मिटर छोडेर संरचना बनाउनुपर्ने भनी सर्वोच्चले परमादेश जारी गरेको छ ।

सर्वोच्चले काठमाडौं उपत्यकाका सबै नदीको ४० मिटर क्षेत्रमा निर्माण निषेधित क्षेत्र तोक्न आदेश दिएको छ । सो आदेशपछि खोला छेउछाउका घरधनीहरू घर बेच्न तात्तिएका छन् । नयाँ मान्छेलाई 'मुर्गा' बनाउन उनीहरू लागिपरेका छन् । अब सरकारले त्यस्ता घरको नामसारी रोक्नुपर्छ ।

नत्र बाठाले त सीधासाधीलाई फसाइदिन्छन् । संवेदनशील विषयमा सरकार गम्भीर हुनुपर्छ । भोलि गरौंला, पर्सी हेरौंला भन्ने कुरै हुँदैन । यस्ता विषयलाई हलुकारूपमा लिँदा भोलिको दिनमा ठूलो जोखिम खेप्नुपर्ने हुन्छ । यी ठाउँमा नबस् भनेर सरकारले आमनागरिकलाई सोच गराउनुपर्ने आवश्यकता देखिएको छ ।

सौर्यको विमान दुर्घटनामा पर्नेबित्तिकै केपी शर्मा ओली नेतृत्वको सरकारको आकस्मिक बैठक बस्यो । राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गऱ्यो । नौटंकी पनि कति देखाउन जानेका हुन् ? आकस्मिक बैठक बसेर झण्डा झुकाउने निर्णय गर्नुको साटो कसरी सतर्कता अपनाउने भनी योजना बनाएको भए, थपले त ज्यान गुमाउनुपर्दैनथ्यो होला ।

नेपालमा जति विमान दुर्घटना सायदै कुनै मुलुकमा होला । २०७९ माघ १ गते यती एयरलाइन्सको विमान दुर्घटना भयो । ७२ जनाले ज्यान गुमाए । पाइलटकै कारणले त्यतिबेला पनि बस्ती जोगियो । पाइलट बरू आफू मर्न तयार हुन्छन्, तर बस्ती जोगाइदिन्छन् । सेती खोचमा लगेर जहाज हालिदिए । सधैं पाइलटले बस्ती जोगाउन सक्छन् भन्ने छैन । सानो बस्तीमा मात्र पनि जहाज खस्यो भने ठूलो धनजनको क्षति हुन्छ । सरकारले सधैं दीर्घकालीन सोच राख्नुपर्छ । घटना घटिसकेपछि राष्ट्रिय झण्डा झुकाएर केही फाइदा छैन । भनिन्छ नि-प्रिभेन्सन इज बेटर देन क्योर । तर, सरकारले त्यसो गर्न सकेन ।

देशमा पहिले पनि सरकार थियो । त्यतिबेलाको सरकारले मुलुकको जनसंख्या बढ्छ भन्ने सोचेन । यति भए पुगिहाल्छ नि भन्ने सोच राख्यो । त्यतिबेलै विमानस्थल वरपर घर बनाउन रोक लगाएको भए, लाखौंको सम्पत्ति त डुब्दैनथ्यो । यत्रो दुर्घटना भइसक्यो, तर सरकारलाई मतलब नै छैन ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे यस विषयमा मौन छन् । विमान दुर्घटनाका कारण नेपाल अन्तर्राष्ट्रियस्तरमा लज्जित बनिरहेको छ, तर उनलाई चासो नै छैन । बर्सोनिजस्तो नेपालमा विमान दुर्घटना हुन्छ । तर पनि सरकारले पाठ सिक्दैन् । योभन्दा विडम्बनापूर्ण कुरा के होला ?

वर्तमान प्रधानमन्त्री ओलीलाई पनि चासो छैन । उनी नहुने निर्णय गर्नमा मात्र माहिर छन् । समुद्र नभएको देशमा उनी पानीजहाज चलाउन लागिपरेका छन् । तर, उडान क्षेत्रमा कसरी सुधार गर्ने ? यसको योजना छैन । देशको नेतृत्व बारम्बार विदेश पुगिसकेका छन् । उनीहरूले विभिन्न देशको विमानस्थल देखेका छन् ।

त्यहाँ कस्तो विमानस्थल छ ? विमानस्थलको कति दूरीमा बस्ती छ ? तिनलाई थाहा छ । यद्यपि, लागू गर्दैनन् । अहिले त घरको छतमै ठोक्किनेगरी जहाज उड्छ । यस्तोमा त पाइलटलाई पनि जहाज उडाउन महाभारत छ । यस्तो गम्भीर विषयमा सरकारको ध्यान कहिले पुग्ला ?

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मेलमिलापमा जोड दिँदै न्यायिक समिति

■ दीपक बोहरा

**तुलसीपुर–** दाङको तुलसीपुर उपमहानगरपालिका-११ जसपुर निवासी माया आचार्यले तीन वर्षअघि जग्गा व्यवसायीबाट घरजग्गा किनिन् । तुलसीपुर-१८ बेलझुण्डीमा घरसहित जग्गा किनेकी उनले त्यो घरमा आफू सर्न खोज्दा अवरोध भयो । वास्तविक घरधनीले घर छोड्न मानेनन् । किनकि त्यो घरजग्गा राखेर घरधनीले कुनै व्यक्तिबाट ऋण लिएर 'छिनुवा पास' दिएका थिए ।

छिनुवा पास दिएपछि समयमा ऋण नतिरेको भन्दै जग्गा व्यवसायीले आचार्यलाई बिक्री गरे । त्यही जग्गा आचार्यले किन्न पुगिन् र तीन वर्षपछि आफूले किनेको घरजग्गा उपभोग गर्न खोज्दा अवरोध भएपछि तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिमा गइन् । 'मैले किनेको घरमा जाँदा पहिले जसले छिनुवा पास दिनुभएको थियो, उहाँले घर नै छोड्नु भएन,' उनले भनिन्, 'त्यसपछि म न्यायिक समितिमा गएँ ।' अघिल्लो वर्षको साउनमा न्यायिक समितिमा गएपछि भने उनले न्याय पाइन् । न्यायिक समितिले उनलाई घरजग्गा बराबरको मूल्य दिलाएपछि त्यो जग्गा सम्बन्धित घरधनीलाई नै बुझाइन् । त्यसपछि उनी खुसी भइन् ।

त्यस्तै, तुलसीपुर-२ तकियापुरका मनोहर न्यौपानेलाई छिमेकीले आफ्नै जग्गामा जाने निकास नै दिएनन् । जग्गाको निकास नभएपछि उनी आफ्नै जग्गामा जानसमेत पाएनन् । त्यसपछि तुलसीपुरको न्यायिक समितिलाई गुहारे र न्याय पाएँ । अहिले दुवैतिरबाट निकास खुलेको छ । 'म न्यायिक समितिमा गएँ, त्यहाँबाट नापजाँच गर्ने कर्मचारी पनि खटाइदिनुभयो,' उनले भने, 'त्यसपछि दुवैतिरबाट निकास भयो, अहिले सजिलो भएको छ ।'

उनीहरू त केही उदाहरणमात्रै हुन् । तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिले धेरैलाई न्याय दिएको छ । उपमहानगरपालिकाको न्यायिक समितिले कानुनी रटानमात्रै नभई व्यावहारिक पक्षलाई पनि जोड दिएर न्याय दिने गरेको छ । दुवै पक्षलाई न्याय हुनेगरी मेलमिलापलाई जोड दिने गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा १०० विवादमध्ये ५८ वटा विवादलाई मिलापत्र गरेको छ भने ५६ वटा विवादलाई मात्रै इजलासमा पठाएको छ । 'हामीले मिलापत्रलाई बढी जोड दिने गरेका छौं,' कानुन मामिला शाखा प्रमुख लक्ष्मी रानाले भनिन्, 'यदि मिलापत्र हुने अवस्था भएन भने न्यायिक समितिमा पठाउने गरेको छौं, न्यायिक समितिले निर्णय गरेपछि दुवैपक्ष खुसी भएर जानुहुन्छ ।'

अधिकांश मेलमिलाप गर्ने खालका विवादहरू बढी आउने भएकाले पनि सामाजिक सद्भावलाई ख्याल गरी मिलापत्र गर्नेतर्फ जोड दिएको उनको भनाइ छ । धेरै विवादहरू व्यावहारिकरूपमा समाधान गर्नुपर्ने अवस्थाका आउने भएकाले पनि त्यसलाई सोहीअनुसार मिलापत्र गराउने गरेको शाखा प्रमुख रानाले बताइन् । न्यायिक समितिमा ठाडो उजुरीका आधारमा पनि छलफल गराई समस्या समाधान गर्ने गरिएको छ । आव २०८०/८१ मा त्यस्ता ५७ वटा निवेदन परेकामा ४१ वटामा छलफल भई समस्या समाधान भइसकेको कानुन मामिला शाखा प्रमुख रानाले बताइन् ।

मेलमिलापका लागि ८५ जना मेलमिलापकर्ता छन् । उनीहरूलाई प्रत्येक वर्ष तालिम पनि प्रदान गर्ने गरिएको छ । उनका अनुसार गत वर्षबाट जिम्मेवारी सरी आएका ८८ उजुरीमध्ये ३१ मिलापत्र भएका छन् भने १७ वटा इजलासले निर्णय गरेर फैसला गरेको छ । गत वर्षबाट जिम्मेवारी सरी आएका ४० उजुरी फर्स्योट हुन बाँकी छन् । त्यस्तै, आव २०८०/८१ मा १२३ वटा उजुरी दर्ता भएकामा २७ वटा मिलापत्र भएका छन् भने ३९ वटा इजलासबाट निर्णय भएर फैसला भएका छन् । यस आवमा ५७ वटा उजुरी फैसला हुन बाँकी छन् । अहिलेसम्म अघिल्लो आवबाट सरी आएकासमेत गरी ९७ वटा उजुरी फैसला हुन बाँकी छन् ।

### मेलमिलाप प्रक्रिया

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९ को उपदफा (२), (३), (४) र (५) मा व्यवस्था गरिएको न्याय सम्पादन प्रक्रियाले न्यायिक समितिलाई मेलमिलापबाट विवाद समाधान गर्न प्रेरित गरेको देखिन्छ । दफा ४७ (२) लाई अनिवार्य मेलमिलाप गराउनुपर्ने सूचीअन्तर्गत राखिएको छ । दफा ४७ (१) मा राखिएको सूचीका सम्बन्धमा पनि यदि कुनै विवाद समितिमा पेस हुन आएमा निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गराउन प्रोत्साहित गरी पक्षको सहमतिमा मेलमिलाप गराउनुपर्ने व्यवस्था दफा ४९ को उपदफा (२) मा गरिएको छ ।

मेलमिलापलाई विवाद समाधान गर्ने प्रभावकारी वैकल्पिक उपायहरूमध्ये एक महत्त्वपूर्ण उपायका रूपमा रहेको शाखा प्रमुख रानाको भनाइ छ । खासगरी, स्थानीय तहमा हुने विवाददेखि पारिवारिक विवाद, घरेलु हिंसासित जोडिएका कतिपय विवादहरूमा मेलमिलाप विधि अपनाई विवाद समाधान गर्ने अभ्यासअनुरूप नै काम गरेको उनको भनाइ छ ।

यस विधिमा विवादका पक्षहरूले यसको आधारभूत प्रक्रिया र परिणाममा नियन्त्रण राख्न सक्दछन् भन्ने विश्वास रहने उनले बताइन् । यसमा मेलमिलापकर्ताको भूमिका भनेको विवाद समाधानको निमित्त सहजीकरणको कार्य गरिदिनुमात्र रहेको शाखा प्रमुख रानाको भनाइ छ । विवादका पक्षहरू स्वयं सहभागी भई आफ्नो विवाद आफैं समाधान गर्नेतर्फ अग्रसर हुने हुँदा यो विधिलाई समावेशी र सहभागितामूलक विधिको रूपमासमेत लिइन्छ ।

उपमहानगरपालिकामा सबैभन्दा धेरै खान लाउन नपाएका उजुरीहरू आउने गरेका छन् । आव २०८०/८१ मा माना चामल/आमद इज्जतअनुसार खान लाउन नदिएका ७९ वटा उजुरी परेका छन् । धेरैजना खाना लाउन नदिएको, जग्गा रोक्का गरिदिनुपर्‍यो भनेर आउने गरेको शाखा प्रमुख रानाले बताइन् । तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिमा अहिलेसम्म ६३३ उजुरी परेका छन् । तीमध्ये ४०७ वटा उजुरीमा मिलापत्र भएका छन् भने १३८ वटा इजलासबाट निर्णय भएका छन् । आव २०७४/७५ देखि न्यायिक समिति स्थापना भएर काम सुरु गरेको हो । सोहीअनुसार सुरुको वर्ष ६३, २०७५/७६ मा ११८ वटा उजुरी दर्ता भएका थिए ।

त्यस्तै, २०७६/७७ मा ८४, २०७७/७८ मा ९९, २०७८/७९ मा १३५ र २०७९/८० मा १३४ वटा उजुरी दर्ता भएका थिए । न्यायिक समितिमा दरबन्दीअनुसारको कर्मचारी भने अभाव छन् । यसले गर्दा न्याय सम्पादनमा समस्या हुने गरेको छ । न्यायिक समितिमा हाल अधिकृत छैटौंमा कार्यरत एकजना कर्मचारी शाखा प्रमुख छन् । त्यो दरबन्दी सातौं वा आठौं तहको हो । त्यस्तै, सो शाखामा दुई कर्मचारीको दरबन्दी रहेकामा पाँचौं तहमा एकजना छन् । उपमहानगरपालिकामा न्यायिक इजलास छ । कर्मचारी बस्ने कोठा साँघुरो हुँदा सेवा प्रवाहमा समस्या हुने गरेको शाखा प्रमुख रानाले बताइन् । *रासस*

### 'मेलमिलापलाई नै जोड दिएका छौं'

तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिकी संयोजक स्यानी चौधरीले पालिकामा आउने अधिकांश विवाद व्यावहारिक हुने भन्दै मेलमिलापमा जोड दिएको बताइन् ।

'मेलमिलापपछि खुसी दुवैपक्ष खुसी भएर जाने गर्नुभएको छ । स्थानीयस्तरमा हुने झैझगडा, विवाद स्थानीय न्यायिक समितिले नै मिलाएपछि उनीहरू झन्झटमुक्त पनि हुने गरेका छन्,' उनले भनिन्, 'धेरै खर्चिलो पनि हुँदैन । सुरुमा मेलमिलापकर्ताहरूले मिलापत्र गराउने गर्नुहुन्छ । हाम्रो जोड बढी मेलमिलापमा नै हुन्छ । मेलमिलाप भएन भने न्यायिक इजलासमा जान्छन् । हामीले दुवै पक्षका कुरा सुनेर न्याय दिने गर्छौं ।'

मेलमिलापकर्तालाई बीच-बीचमा तालिम पनि प्रदान गरिरहेको भन्दै विवाद भएका दुवै पक्षले रोजेका मेलमिलापबाट सन्तुष्ट हुने गरेको बताइन् । आफूहरूले सकेसम्म चाँडो सेवा दिने गरेकोसमेत संयोजक चौधरीले बताइन् । 'विवादको प्रकृति हेरेर सेवा प्रवाह गर्ने गरेका छौं । कुनै कुनै विवाद एक हप्ताभित्रै पनि समाधान गर्ने गरेका छौं,' उनले भनिन्, 'केही विवाद महिना दिनमै समाधान गर्ने गरी प्रयास गर्ने गरेका छौं । हामी विवादको प्रकृति र दुवै पक्षको उपलब्धतालाई दृष्टिगत गरी सकेसम्म चाँडो विवाद समाधान गर्ने गरेका छौं ।'



**हिलाम्मे राप्ती राजमार्ग** | दाङको तुलसीपुरदेखि रुकुम जोड्ने राप्ती राजमार्गअन्तर्गत सल्यान सडकखण्डमा कालोपत्रे भत्किएर कतै खाल्डा त कतै हिलाम्मे भएको सडक । राप्ती राजमार्गको दर्जनौं स्थानमा सडक हिलाम्मे हुँदा सवारीसाधन र यात्रु दुवै मारमा पर्ने गरेका छन् । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# सेतीको बाढीले विस्थापितको बिचल्ली

**लेखनाथ (कास्की)–** २७ वर्षीया निग्मा शेर्पा वर्षौंदेखि बस्दै आएको घर सेती बाढीले बगाइदिएपछि डेढ वर्षीया छोरी काखमा च्याप्दै, नदी किनारको चौरमा त्रिपालभित्र बिहानको खाना पकाउँदै थिइन् । उनको एकमात्र साहारा ३१ वर्षीय श्रीमान् प्रेम शेर्पा दुई वर्षदेखि बेखबर छन् ।

'छोरी पेटमै हुँदा रोजगारीका लागि साउदी अरब जानुभएको हो । तर गएकै समयदेखि फोन सम्पर्क छैन, सुनेकी छु विदेशमा अर्की श्रीमती लिएर बस्नुभएको छ,' निग्माले भनिन्, 'मजदुरी गरेर छोरी पाल्दै आएकी थिएँ, भएको एउटा बास पनि सेती बाढीले बगाइदियो, भाग्यले ज्यान जोगायौं, अब छोरीबाहेक मेरो कोही रहेन ।'

सेती नदीमा गत असार २२ गते आएको बाढीले पोखरा-१४ स्थित गस्ती टोलका निग्मासहित ३९ परिवारको घर बगाइदिएको छ । ती परिवारको २५ दिनदेखि त्रिपालमुनिको बास छ । तीमध्ये केही परिवार आफन्तकहाँ बस्दै आएका छन् ।

'पतिले त छाड्नुभयो, बस्दै गरेको बास पनि बगायो कस्तो दुःख आइलाग्यो,' शेर्पाले भनिन्, 'मजदुरी गरेर पेट पाल्दै आएकी थिएँ, त्यो पनि अहिले छैन, बास पनि छैन, डेढ वर्षकी छोरी लिएर त्रिपालमुनि बस्नुपरेको छ, वर्षा हुँदा सुत्ने र खाना पकाउने ठाउँमा पोखरी बन्छ,' शेर्पाले भनिन्, 'राति बादल मडारिँदा बाढीले बगाउने हो कि भन्ने डर लागिरहन्छ, यस्तो दुःख मैले कहिलेसम्म भोग्नुपर्ने हो ?'

प्रेमसँग प्रेमविवाह गरेकी निग्माले भनिन्, 'विवाह गर्दा सुखसँग बाँच्ने सपना देखेकी थिएँ । तर विवाह गरेको दुई तीन वर्षमै यस्तो दुःख भोग्नुपर्‍यो ।' धादिङबाट पोखरा आएर बसेकी निग्माको प्रेमसँग पोखरामा भेट भएपछि दुवैबीच प्रेमविवाह भएको थियो । निग्माका वृद्ध बुवा राम श्रेष्ठ पनि सोही टोलमा ३० वर्षदेखि बस्दै आएका छन् ।

'बिहान बेलुकाको खाना विभिन्न संघसंस्थाबाट प्राप्त सहयोगबाट चल्दै आएको छ, त्रिपाल पनि संस्थाले नै उपलब्ध गराएको हो, त्रिपाल राखेर बस्दै गरेको जग्गा पनि सरकारको कृषि कार्यालयअन्तर्गतको रहेको र त्यो कार्यालयले त्यहाँबाट हट्न भनेको छ, अब कहाँ गएर बस्ने हो, थाहा छैन,' शेर्पाले भनिन् । जग्गा पाइहाले पनि घर बनाउन सक्ने उनको अवस्था छैन ।

शेर्पामात्र हैन यहाँका ३८ परिवारको दुःख उस्तै छ । गस्ती टोलकै २९ वर्षीया यमकुमारी मगरको पीडा पनि कम्ता छैन । सेती नदीको बाढी घरमै आउन थालेपछि लत्ताकपडा र भाँडाकुँडा लिएर भाग्दै सुरक्षित ठाउँमा आएको पाँच जनाको परिवार पनि त्रिपालमुनि बस्दै आएको छ । मजदुरी गरेर खाने यो परिवारलाई बिहानबेलुकाको छाक टार्ने मुस्किल छ ।

'पति मजदुरी गर्नुहुन्छ । मैले तीन बालबच्चाको स्याहारसुसार गरेर बस्दै आएकी थिएँ । तर ३० वर्षदेखि बस्दै आएको घर बाढीले बगाइदिएपछि बिचल्ली भएको छ, पतिले मजदुरी गर्न जान पाउनुभएको छैन, सधैं संघसंस्थाको सहयोग पाइँदैन,' मगरले भनिन्, 'बाससम्मको व्यवस्था भयो भने मजदुरी गरेर खान्थ्यौं ।' विस्थापित ३९ परिवारलाई त्रिपालको व्यवस्था 'असल छिमेकी' संस्थाले गराएको हो । उक्त टोलका अधिकांश परिवार बालुवा बोक्ने काम गर्दै आएका थिए । *रासस*





# कञ्चनपुरबाट नरभक्षी बाघ बर्दिया ल्याइयो

**बर्दिया (प्रस)–** कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिका-२ स्थित उखुबारीमा ड्रोनको सहायताले पत्ता लगाइएको पाटेबाघलाई लट्ठ्याउने प्रविधि (डार्ट)बाट नियन्त्रणमा लिएर बर्दिया ल्याइएको छ । घाँस काटिरहेको अवस्थामा स्थानीय २६ वर्षीया हीरादेवी शाहको ज्यान लिएको उक्त बाघलाई बर्दिया राष्ट्रिय निकुञ्जस्थित रम्भापुर पोस्टको खोरमा राखिएको छ ।

नियन्त्रणमा लिइएको पाटेबाघ १२ वर्षको भाले हो । बाघको एउटा दाँत हल्लिएको, अन्य दाँत खिइएका, नंग्रा भाँचिएका, पञ्जा, खुट्टा कमजोर, ढाडमा घाउ भएको एउटा खुट्टाको घाउमा कीरा परेको निकुञ्जका पशु चिकित्सक आयुष महर्जनले बताए । घटनास्थल क्षेत्र सीमावर्ती भारतीय जंगल नजिक रहेकाले बिरामी बाघ उतैबाट आएको हुनसक्ने अनुमान गरिएको छ ।

बर्दिया राष्ट्रिय निकुञ्जका खोरमा छ वटा समस्याग्रस्त पाटेबाघ राख्नसक्ने क्षमता छ । यहाँ तीनवटा बाघ बिरामी छन् । आर्थिक अभावका कारण पर्याप्त मासु खुवाउन नसकिएको गुनासो उनको छ । बाघको सरसफाइ, खुला ठाउँ, उपचार, अनुगमनमा पनि समस्या छ ।


**गोदावरी नगरपालिकाको वार्ड नं. ८ र ९ भएर बग्ने खुटिया नदीको बगर क्षेत्रबाट निर्माणजन्य सामग्री उत्खनन् तथा संलग्न कार्यको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२०

सुदूरपश्प्रदेश, कैलाली जिल्लाको गोदावरी नगरपालिका, वडा नं. ८ र ९ मा गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम तथा ठेगाना | गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कैलाली, सुदूरपश्चिम प्रदेश |
|---|---|
| प्रस्तावको व्यहोरा | सुदूरपश्चिम प्रदेश, कैलाली जिल्लाको गोदावरी नगरपालिकाको वडा नं. ८ र ९ भएर बग्ने खुटिया नदीको बगर क्षेत्रबाट निर्माणजन्य सामग्री उत्खनन् तथा संकलन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. ८ र ९ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगानाः कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल<br>फोन नं.:- ०९१-५०८००१<br>ई-मेलः- info@godawarimunkailali.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | नामः **Kalash Engineering Services Pvt. Ltd.**<br>ठेगानाः Baneshwor, Kathmandu<br>फोन नं.: ९८५८४२४८१७<br>ईमेलः servicesengineeringkalash@gmail.com |

प्रभाव दैनिक

आइतबार, २० साउन २०८१ (Sunday, August 04, 2024)

रूपशाला

### सिद्धान्त र नव्याको 'ब्रेकअप'

बलिवुड अभिनेता सिद्धान्त चतुर्वेदी र नव्या नवेली नन्दा लामो समयदेखि रिलेशनशिपमा रहेको हल्ला चलिरहेको थियो । लामो समयदेखि हल्लामै सिमित रहेका सिद्धान्त र नव्याबीच अहिले आएर ब्रेकअप भएको खबर आएको छ । भारतीय मिडियाहरूले दुवैको ब्रेकअप भएको उल्लेख गरेका छन् । यी दुई अहिले अलग भइसकेको र सहज रूपमा ब्रेकअप गरेको रिपोर्टमा उल्लेख गरिएको छ । दुवैले अहिलेसम्म आफुहरूको सम्बन्धको बारेमा सार्बजनिक रूपमा टिप्पणी गरेका थिएनन् ।





# 'लुक्ला विमानस्थल सुरक्षित छ'




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले प्राकृतिक सौन्दर्य दृश्यावलोकनका लागि नेपालको भ्रमण गर्न विश्वका पर्यटकहरूलाई आग्रह गरेका छन् ।

विश्वका छानिएका 'भ्लगर'हरूको लुक्ला विमानस्थलदेखि सगरमाथा आधार शिविरसम्मको साहसिक यात्रामा आधारित 'रियालिटी शो' 'द च्यालेन्जर्स: गेम अफ हिमालयज' को प्रिमियर शो कार्यक्रममा प्रधानमन्त्री ओलीले एकपटक नेपाल भ्रमणमा आएपछि जो कोहीलाई अर्को पटक आफैँ आउँआउँ लाग्ने बताए ।

उक्त रियालिटी शोका माध्यमबाट हिमाल र प्राकृतिक सौन्दर्यबारे विश्वजगत्लाई चिनाउन थप मद्दत पुग्ने उल्लेख गर्दै उनले नेपालको सुन्दर प्रकृति अवलोकन नगरिए जीवनको सार्थक अर्थ नहुने बताए ।

नेपालका हिमाल, प्रकृति, नदीनाला, छहराको अवलोकन र हात्ती चढेर जङ्गल सफारी गर्दा आउने आनन्द अवर्णनीय रहेको प्रधानमन्त्रीको भनाइ थियो । प्रिमियर शोमा लुक्ला विमानस्थल एक खतरायुक्त विमानस्थलका रूपमा प्रस्तुत गरिएको सन्दर्भमा प्रधानमन्त्री ओलीले सामान्यत: विश्वका सबै विमानस्थल एक प्रकारले खतराकै स्थितिमा हुने तर्क राख्दै लुक्ला विमानस्थलमा उडानका लागि अति तालिमप्राप्त र अनुभवी पाइलट मात्रै खटिने स्पष्ट पारे ।

प्रधानमन्त्री ओलीले भने, 'म आफैँ धेरै पटक विमान चढेर लुक्ला पुगेको छु, विमानस्थल खोँचमा रहेको र धावनमार्ग सानो भए पनि त्यहाँ दैनिक ८५ उडान हुन्छन् । अनुभवी पाइलटका कारण अहिलेसम्म कुनै दुर्घटना भएको छैन । त्यसकारण लुक्ला विमानस्थलमा कुनै खतरा छैन । विमानस्थल सुरक्षित छ । यसको जिम्मा म लिन सक्छु ।'

प्रधानमन्त्री ओलीले नेपालमा सगरमाथासँगै चर्चा गर्न लायक हिमालहरू कञ्चनजंगा, मकालु, चोयु, मनास्लु, अन्नपूर्ण, धौलागिरिलगायत रहेको बताए । प्रिमियर शो हेर्न प्रधानमन्त्री ओलीका धर्मपत्नी राधिका शाक्य, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, नेपालस्थित अमेरिकी राजदूतावासका अधिकारी, ख्यातिप्राप्त कलाकारलगायत उपस्थित थिए ।

## प्रधानमन्त्री ओलीले गरे 'नमेटिने घाउ'को संवाद डबिङ

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले चलचित्र 'नमेटिने घाउ' मा आफुले गरेको अभिनयको डबिङ गरेका छन् । शनिबार प्रधानमन्त्री ओलीले स्टुडियोमा उपस्थिति भएर नेपालले चलचित्रको आफुले अभिनय गरेको संवादको डबिङ गरेका हुन् । अभिनेता रमित ढुङ्गानाले निर्देशन तथा निर्माण रहेको सत्य घटनामा आधारित चलचित्र 'नमेटिने घाउ' मा प्रधानमन्त्री ओलीसहित पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल र राप्रपा नेता ज्ञानेन्द्र शाहीको समेत अभिनय रहेको छ ।

प्रदर्शनको तयारीमा रहेको चलचित्र "नमेटिने घाउ" एसिड सर्भाइभरहरूको बास्तविक जीवनीमा आधारित छ ।चलचित्रमा एसिड आक्रमणमा परेका ३३ जना पीडितहरूको कथालाई समेटेर बनाईएको छ । फिल्ममा शिवम् अधिकारीको कथा रहेको छ ।

लेखक अधिकारीले पटकथा साढे दुई वर्ष लगाएर फिल्म लेखेका हुन् ।

चलचित्रमा मुस्कान खातुन, प्राप्ति पौडेल ,इभा गिरी, कमल देबकोटा,सन्दीपबाबु लोहनी, रचना गौतम, प्रभात पाल ठकुरी, आरती आचार्य, अखिल बजगाईं, उपेक्षा न्यौपाने, क्रान्ति शाह, वीरेन्द्र सिंह कुसुहा,लालना चिमोरिया,स्वस्तीमा कार्की, लिजा कोरानी,एलिसा गुरुङ,बिशाल देबकोटा ,आरजु अधिकारी ,आरजु लेखक लगायतको अभिनय रहेको छ ।चलचित्रमा सुरवीर पण्डित, सुनील कटुवाल पुराना अनुहार रहने छ भने मुख्य भूमिकामा अधिकांश नयाँ अनुहारहरूको अभिनय रहेको छ।

रमित ढुंगाना फिल्म प्रोडक्शनको ब्यानरमा निर्माण गरिएको यस चलचित्रमा प्रहरी उपरीक्षकद्वय बाल नर्सिहकक राणा र कुमुद ढुगेल, प्रहरी निरीक्षक जे,आर शर्मा लगायत दुई सय भन्दा बढी प्रहरीको अभिनय रहेको छ ।

# आश्माले जितिन् मिस नेपालको उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** आश्मा कुमारी केसीले सन् २०२४ को मिस नेपाल वर्ल्डको उपाधि जितेकी छन् । शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा आश्माले मिस नेपालले उपाधि जितेकी हुन् ।

त्यस्तै मिस नेपाल अर्थ सुमना केसी बनेकी छन् भने करुणा रावतले मिस नेपाल इन्टरनेसनलको उपाधि हात पारेकी छन् ।

त्यस्तै यस प्रतियोगितामा श्रद्धा सिलवाल मिस फोटोजेनिक, आश्मा कुमारी केसी फेस अफ द ईयर, दिक्षा अवस्थी मिस इन्टलेक्चुअल, सुमना केसी ब्युटी विथ अ पर्पोज र वुमन विथ विंग्सको उपाधि कृति श्रेष्ठले जितेकी छन् ।

रंगशाला

# नेपालले जित्यो काभा बिच भलिबलको महिलातर्फको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** भुटानको थिम्पुमा शनिबार सम्पन्न काभा बिच भलिबलको महिला तर्फ नेपालकी कमला र मनीषाको जोडी उपाधि जित्न सफल भएका छन् ।

उज्बेकिस्तान खेलाडीलाई लाई २-० को सोझो सेटमा हराउँदै कमला पुन र मनीषा चौधरीको जोडी उपाधि जित्न सफल भएका हुन । उनीहरूले २१-१७ र २१-१४ को जितसहित स्वर्ण पदक जित्न सफल भएका छन् ।

पुरुष तर्फ भने नेपालका मानबहादुर श्रेष्ठ र दिलबहादुर सुनारको जोडी उपबिजेतामा बनेका छन् । उनीहरू मालदिभ्स ए टिमका खेलाडीसँग २-० को सोझो सेटमा पराजित हुँदै उपाधि जित्न असफल भएका हुन । यस प्रतियोगितामा पुरुष तर्फ १० टोली र महिला तर्फ ७ टोलीको सहभागिता रहेको थियो ।




# प्रधानमन्त्री ओली र क्यान पदाधिकारीबीच भेटवार्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल क्रिकेट संघ (क्यान) सँग छलफल गरेका छन् । क्यानका अध्यक्ष चतुरबहादुर चन्द र सचिव पारस खड्कालगायतसँग क्रिकेटका कुरा भएको प्रधानमन्त्री ओलीले सामाजिक संजालमार्फत जनाएका छन् ।

आफ्नो नेतृत्वमा सरकार बनेसँगै ओलीले पहिलो निर्णय नै ३०० दिनभित्र त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई सुविधासम्पन्न रंगशाला बनाउने गरेका थिए ।

सोही विषयमा कसरी छोटो समयमा सम्पन्न गर्न सकिन्छ भन्ने विषयमा प्रधानमन्त्रीसग छलफल भएको छलफलमा सहभागी गण्डकी प्रदेश क्रिकेट संघका सचिव सुमनराज कार्कीले जानकारी दिए ।

'क्रिकेट मैदानको सुविधासम्पन्न कसरी छिटो गर्न सकिन्छ । कसरी अगाडि बढाउने भन्ने विषयमा प्रधानमन्त्रीज्युसँग छलफल भएको हो,' उनले भने ।



## पेरिस ओलम्पिक–२०२४

# फुटबलको सेमिफाइनल समीकरण पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं–** जारी पेरिस ओलम्पिकको फुटबलको सेमिफाइनलको समीकरण पुरा भएको छ । गएराती सम्पन्न क्वाटरफाइनलका खेलहरू सकिएसँगै सेमिफाइनलमा पुग्ने चार देशको टुंगो लागेको हो ।

जस अनुसार फ्रान्स, स्पेन, मोरक्को र इजिप्ट सेमिफाइनलमा पुगेका हुन् । सेमिफाइनलमा फ्रान्सले इजिप्टसँग र मोरक्कोले र स्पेनसँग खेल्ने छन् । सेमिफाइनलका खेलहरू



सोमबार हुने छन् । क्वाटरफाइनलमा फ्रान्सले अर्जेन्टिनालाई १-० गोल अन्तरले पराजित गरेको थियो । यस खेलमा खेलको पाँचौं मिनेटमा नै फ्रान्सले अग्रता लिएको थियो र सोहि गोल खेलको निर्णायक गोल बनेको थियो । क्लेल सकिएपछि फ्रान्स र अर्जेन्टिनाका खेलाडी र अफिसियलबीच भएको लडाई अहिले निकै चर्चामा रहेको छ ।

त्यस्तै अर्को खेलमा इजिप्टले पराग्वेलाई पेनाल्टी सुट आउटमा ५-४ ले पराजित गर्दै सेमिफाइनलमा पुगेको छ । त्यसैगरी स्पेनले जापानलाई ३-० ले र मोरक्कोले अमेरिकालाई ४-० ले पराजित गरेको थियो ।

# श्रीलंका र भारतबीचको खेल बराबरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारत र श्रीलंकाविरुद्धको एकदिवसीय सिरिजको पहिलो खेल टाई भएको छ । शुक्रबार सम्पन्न भारत र श्रीलंकाबीचको एकदिवसीय सिरिजको पहिलो खेल टाई भएको हो ।

श्रीलंकाले दिएको २३१ रनको लक्ष्य पछ्याएको भारतले ४७.५ ओभरमा अल आउट हुदै २३० रन नै बनाएपछि खेल टाई भएको हो । जितको नजिक पुगेको भारतले ४८ ओभरका पछिल्ला दुई बलमा २ विकेट गुमाएपछि खेल टाई भएको हो ।


भारतका लागि कप्तान रोहित शर्माले सर्बाधिक ५८ रन बनाएका थिए भने अक्सर पटेलले ३३, केएल राहुलले ३१, शिभम दुवेले २५, विराट कोहलीले २४ र श्रेयस अय्यरले २३ रनको योगदान दिएका थिए ।

त्यस्तै श्रीलंकाका बलर वानिन्दु हसरंगा र चरिथ असलंकाले ३-३ विकेट लिए भने दुनिथ वेल्लालागेले २ विकेट लिएका थिए ।

यस अघि टस जितेर पहिला ब्याटिंग गर्दै श्रीलंकाले ५० ओभरमा ८ विकेट गुमाएर २३० रन बनाएको थियो ।

श्रीलंकाका लागि दुनिथ वेल्लालागेले सर्बाधिक ६७ रन बनाएका थिए भने पाथुम निसान्काले ५६ रन बनाएका थिए । त्यस्तै वानिन्दु हसरंगाले २४, जनिथ लियानागेले २० रन बनाएका थिए । त्यसैगरी अकिला धनन्जयले १७ तथा कुसल मेन्डिस र कप्तान चरिथ असलंकाले १४-१४ रन बनाएका थिए ।

त्यसैगरी भारतीय बलर अर्शदीप सिंह र अक्सर पटेलले २-२ विकेट लिएका थिए । त्यस्तै मोहमद सिराज, शिभम दुवे, कुलदीप यादव र वाशिंगटन सुन्दरले एक एक विकेट लिएका थिए । यो खेल टाई भएपछि अब सिरिजको दोस्रो खेल आइतबार हुने छ ।



फ्रान्सको पेरिसमा जारी 'ओलम्पिक २०२४' अन्तर्गत एथलेटिक्स प्रतियोगिता हेर्न बिहानको सत्रमा पेरिसको उत्तरी क्षेत्रस्थित सेन्ट–डेनिसको स्टेड डेमा उपस्थित दर्शक ।

*तस्बिरः एएफपी*

# डेमोक्र्याटिकको आधिकारिक उम्मेदवार बनिन् ह्यारिस



**वासिङ्टन डिसी (अमेरिका)–** आसन्न चुनावका लागि अमेरिकी डेमोक्र्याटिक पार्टीले उपराष्ट्रपति कमला ह्यारिसलाई राष्ट्रपति पदको उम्मेदवार चयन गरेको छ। डेमोक्राटिक पार्टीका अधिकारीहरूले बहुमत सहित ह्यारिसलाई आफ्नो पार्टीकोतर्फबाट राष्ट्रपति उम्मेदवारमा चुनेको घोषणा गरेका छन् ।

यसै सन्दर्भमा ह्यारिसले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै भनिन्, 'म संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पदका लागि डेमोक्रेटिक उम्मेदवार हुन पाउँदा सम्मानित छु ।' आगामी हप्तामा आधिकारिकरूपमा मनोनयन स्वीकार गर्ने ह्यारिसले जनाएकी छन् । वासिङ्टन पोस्टका अनुसार ह्यारिस राष्ट्रपति पदको नेतृत्व गर्ने पहिलो अश्वेत तथा दक्षिण एसियाली मुलकी महिला उम्मेदवार हुन् । उनको उम्मेदवारीले लामो सयमदेखि थाती रहेका जातीय तथा लैंगिक सवालहरूले सार्थकता पाउने अपेक्षा गरिएको छ ।

राष्ट्रपति जो बाइडेनले ह्यारिसलाई समर्थन गर्दै जुलाई–२१ मा चुनावी प्रतिस्पर्धाबाट बाहिरिने घोषणा गरेका थिए । बाइडेनको समर्थनपछि जुलाई–२७ मा ह्यारिसले अमेरिकी राष्ट्रपति चुनावका लागि आधिकारिकरूपमा आफ्नो उम्मेदवारको उद्घोष गरेकी हुन्। सन् २००८ मा बाराक ओबामापछि अमेरिकाको इतिहासमा प्रमुख राष्ट्रपति पदको टिकट पाउने ह्यारिस दोस्रो अश्वेत व्यक्ति हुन् । *रासस⁄एएनआई*

## दक्षिणपश्चिम चीनमा पुल भत्किँदा पाँचजना बेपत्ता

**बेइजिङ–** दक्षिणपश्चिम चीनमा गएको पहिरोका कारण राजमार्गको पुल भत्किँदा पाँच जना बेपत्ता भएको अधिकारीहरूले शनिबार बताएका छन् ।

सिचुआन प्रान्तको स्थानीय सरकारले कांगडिङ र लुडिङबीचको राजमार्गमा दुईवटा सुरङ जोड्ने पुल पहिरोका कारण भत्केको बताइएको छ । 'बिहान ११ बजेसम्म छ जना सवार तीनवटा गाडीहरू सडकबाट खसेको अधिकारीहरूले पुष्टि गरेका थिए जसमध्ये एक व्यक्तिको उद्धार गरिएको छ र पाँच बेपत्ता छन्,' सरकारले एक सामाजिक सञ्जालमार्फत जनाएको छ।

गत महिना उत्तरी सांसी प्रान्तको राजमार्गमा पुल खस्दा ज्यान गुमाउनेको संख्या १२ बाट बढेर ३८ पुगेको र २४ जना अझै बेपत्ता रहेको राज्य सञ्चारमाध्यमले शुक्रबार जनाएको हो । *रासस⁄एएफपी*

## मंकिपक्स संक्रमण अफ्रिकामा १६० प्रतिशतले बढ्यो

**बांगुई, मध्य अफ्रिकी गणतन्त्र–** यस वर्षसम्म मंकिपक्स मामिलाहरू १६० प्रतिशतले बढेको अफ्रिकाका विभिन्न अस्पतालमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीले बताएका छन् ।

मंकिपक्स भाइरसको कारणले सर्ने र मानिस तथा जनावरहरूमा देखापर्ने संक्रामक रोग हो । यो रोग लागेमा ज्वरो आउने, लसिका ग्रन्थीहरू सुन्निने, छालामा फोका देखापर्ने, र पाप्रा लाग्नेजस्ता लक्षणहरू देखिन्छन् । यो भाइरसको संक्रमण कंगोसहित १० अफ्रिकी देशहरूमा फेला परेको अफ्रिकी रोगथाम तथा नियन्त्रण केन्द्रले बुधबार जारी गरेको प्रतिवेदनमा भनिएको छ। कंगोमा लगभग ७० प्रतिशत संक्रमणहरू १५ वर्षभन्दा कम उमेरका बालबालिकामा छन्। कंगोमा मंकीपक्स संक्रमित ८५ प्रतिशत व्यक्तिको मृत्यु भएको जनाइएको छ ।

यस वर्ष अहिलेसम्म १४ हजार २५० संक्रमित भेटिएको अनुमान गरिएको छ । बुरुन्डी र रुवान्डा दुवै देशमा यस हप्ता पहिलोपटक भाइरस फेला परेको पुष्टि गरिएको छ । यस हप्ता केन्या र मध्य अफ्रिकी गणतन्त्रमा पनि नयाँ प्रकोपहरूको घोषणा गरिएको थियो । मध्य अफ्रिकी गणतन्त्रका जनस्वास्थ्य मन्त्री पियरे सोम्सेले सोमबार भने, 'हामी मन्कीपक्सका घटनाहरूका बारेमा धेरै चिन्तित छौं, यसले राजधानी क्षेत्रलाई प्रभावित गरिरहेको छ ।'

पूर्वी कंगोमा अक्टोबरदेखि जनवरीसम्म अस्पतालमा भर्ना भएका बिरामीहरूको मूल्यांकनबाट भाइरसमा भर्खरै भएको आनुवांशिक उत्परिवर्तनहरू मानिसहरूमा निरन्तर फैलिएको कारण भएको निश्कर्ष निकालिएको छ ।

'डक्टर्स विदाउट बोर्डर्स'ले विस्तार भइरहेको एमपक्स प्रकोपलाई चिन्ताजनक भनेको छ। यो रोग रूवान्डासँगको सिमाना साझा गर्ने कंगोको उत्तरी किभु क्षेत्रमा विस्थापित व्यक्तिहरूको शिविरमा पनि देखिएको थियो ।

कंगोका लागि समूहका मेडिकल डाइरेक्टर डा. लुइस मासिङले यो रोग मानव जीवनका लागि वास्तविक जोखिम रहेको बताएका छन् र देशमा सकेसम्म छिट्टै खोपहरूको व्यवस्थाका लागि विश्व समुदायसँग आग्रह गरे । *रासस⁄एपी*

## वायनाड पहिरोमा फसेकामध्ये २१५ जना मृत फेला, २०६ व्यक्ति अझै बेपत्ता

**तिरुवनन्तपुरम, केरला–** भारतको केरलाका मुख्यमन्त्री पिनाराई विजयनले पहिरो प्रभावित वायनाडमा फसेकामध्ये २१५ जना मृत फेला परेको र २०६ व्यक्ति अझै बेपत्ता रहेको बताएका छन् । उनले उद्धार कार्य अन्तिम चरणमा रहेको पनि बताए ।

उनले भने, 'पहिरोमा फसेकामध्ये २१५ जनाको उद्धार गरिएको छ भने २०६ जना अझै बेपत्ता रहेका छन् । पहिरोमा परी घाइते अवस्थामा उद्धार गरिएका ८३ जनाको जिल्लाका विभिन्न अस्पतालमा उपचार भइरहेको र कूल १० हजार ४२ जनालाई आश्रय शिविरमा सारिएको छ ।'

केरलाका स्वास्थ्यमन्त्री वीणा जर्जका अनुसार शनिबारसम्मको अपडेट अनुसार ९८ पुरुष, ८७ महिला, ३० बालबालिका गरी २१५ जनाको मृत शरीर पहिरोबाट निकालिएको र १४३ शरीरका अंगहरू फेला परेका र हालसम्म २१२ शवको पोस्टमार्टमको प्रक्रिया पूरा भएको छ ।

मुख्यमन्त्रीले प्रारम्भिक चेतावनी प्रणालीलाई परिमार्जन गर्न आवश्यक रहेको र जलवायु परिवर्तनको ढाँचालाई ध्यानमा राखेर वर्णनात्मक चेतावनी प्रणालीको विकास गर्नुपर्ने उल्लेख गरेका छन्। पहिरोले पुरै भत्किएको छुरलमालाको वस्तीलाई सारी अर्को वस्ती निर्माण गर्नुपर्ने देखिएको मुख्यमन्त्री विजयनले बताए ।

यसैबीच, वायनाडबाट लोकसभामा निर्वाचित विपक्षी नेता राहुल गान्धीले चुरलमालामा १०० घर निर्माण गर्ने घोषणा गरेका छन्। कर्नाटकका मुख्यमन्त्री सिद्धरामैयाले पनि १०० घर निर्माण गर्ने प्रस्ताव गरेका छन् । उनले मुख्यमन्त्री दैवी प्रकोप राहत कोषमा चन्दा नेट बैंकिङमार्फत गर्न सकिने बताउँदै र राहत कोषमा योगदान पुऱ्याउने कलाकार, प्रतिपक्षी दलका नेता, उद्योगी व्यवसायीलगायतलाई पनि धन्यवाद दिएका छन्। *रासस⁄एएनआई*

बंगलादेशमा विद्यार्थी आन्दोलन

# राष्ट्रव्यापी नागरिक अवज्ञा अभियानको घोषणा

**ढाका–** प्रधानमन्त्री शेख हसिनाको सरकारले प्रदर्शनकारीमाथि गरेको प्रहरी दमनको विरोधमा विद्यार्थी नेताहरूले शनिबार देशव्यापी नागरिक अवज्ञा अभियानको घोषणा गरेका छन् । देशव्यापी नागरिक अवज्ञा अभियानका आज आइतबारदेखि सुरु गर्ने उनीहरूले जनाएका छन् ।

गत महिनालाई प्रधानमन्त्री हसिनाको १५ वर्षे कार्यकालको सबैभन्दा हिंसा भएको महिनाका रूपमा हेरिएको छ । निजामती सेवामा आरक्षणको विरोधमा गरिएको आन्दोलनका क्रममा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ। केही समयका लागि सैनिक तैनाथीले सुव्यवस्था कायम गरे पनि मुस्लिम बहुल राष्ट्र बंगलादेशमा नमाज प्रार्थनापछि ठूलो संख्यामा भीड सडकमा उत्रिएको थियो र सरकारलाई थप सहुलियतका लागि दबाब दिन विद्यार्थी नेताहरूले अवज्ञा आन्दोलनमा व्यापक सहभागिता जनाउन आग्रह गरेका छन् ।

प्रारम्भिक विरोध प्रदर्शनको आयोजना गर्ने समूह 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'ले समर्थक तथा शुभचिन्तकलाई आइतबारदेखि देशव्यापीरूपमा असहयोग आन्दोलन सुरु गर्न आग्रह गरेको हो। समूहका असिफ महमुदले एएफपीसँग भने, 'कर र युटिलिटी बिल नतिर्ने, सरकारी कर्मचारी पनि हडताल सहभागी हुने र बैंकहरूमार्फत विदेशी रेमिटचान्स भुक्तानी रोक्नेजस्ता माग समावेश गरिएको छ ।

विद्यार्थीहरूले गत महिना भएको हिंसाका लागि हसिनाले सार्वजनिकरूपमा माफी माग्नुपर्ने र उनका केही मन्त्रीहरूलाई बर्खास्त गर्नुपर्ने माग गरिरहेका छन्। उनीहरूले आन्दोलनलाई कारण देखाउँदै सरकारले बन्द



गरेका देशभरका विद्यालय र विश्वविद्यालयहरू तत्काल पुनः सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रधानमन्त्री हसिना सरकारको विरोध गर्दै सडकमा भीड अझै बढेको छ। शनिबार राजधानी ढाकामा भएको प्रदर्शनहरूमध्ये एक स्थानबाट एएफपीसँग २० वर्षीया निजुम यास्मिनले भनिन्, 'हामीलाई यो 'अधिनायकवादी' सरकारको खाँचो छैन । के हामीले प्रशासनद्वारा हाम्रा भाइबहिनीहरूलाई गोली हानेर मारेको हेर्न देशलाई स्वतन्त्र बनाएका हौं ?'

यो असहयोग रणनीति सन् १९७१ मा पाकिस्तानविरुद्ध बंगलादेशको मुक्ति संग्रामको क्रममा गरिएको ऐतिहासिक नागरिक अवज्ञा अभियानसँग मेल खान्छ। उक्त आन्दोलनको नेतृत्व प्रधानमन्त्री हसिनाका पिता शेख मुजिबुर रहमानले गरेका थिए । उनी देशको स्वतन्त्रताका लागि लडेका एक नेता थिए । यसलाई बंगलादेशीहरूले निरंकुशताविरुद्धको गर्वपूर्ण लडाइँको एक भागको रूपमा सम्झन्छन्।

इलिनोइस स्टेट युनिभर्सिटीका राजनीतिशास्त्रका प्राध्यापक अली रियाजले एएफपीसँग भने, 'अब आन्दोलनको तालिका बदलिएको छ । शासनको जग हल्लिएको छ, अजेयताको आभा हराएको छ। के हसिना निकास खोज्न तयार हुनुहुन्छ वा अन्तिमसम्म लड्न तयार हुनुहुन्छ भन्ने सवाल प्रमुख बनेर आएको छ ।'

उनका प्रेस सचिव नायमुल इस्लाम खानले एएफपीलाई बताएअनुसार प्रधानमन्त्रीले शनिबार विद्यार्थीहरूको माग सम्बोधन गर्न 'विनासर्त वार्ता' गर्ने प्रस्ताव गरेका छन् । खानले भने, 'प्रधानमन्त्री हसिना विद्यार्थीहरूसँग वार्तामा बस्न तयार हुनुहुन्छ। उहाँ थप द्वन्द्व नहोस् भन्ने पक्षमा हुनुहुन्छ ।'

महमुदले एएफपीसँग कुरा गर्दै विद्यार्थीहरूले उक्त प्रस्ताव अस्वीकार गरेको बताए । सन् २००९ देखि बंगलादेशमा शासन गर्दै आएकी ७६ वर्षीया हसिनाले गत जनवरीमा भएको निर्वाचनबाट लगातार चौथो कार्यकालका आफूलाई अनुमोदित गरेकी थिइन् । यद्यपि, निर्वाचनमा वास्तविक विपक्षीहरूको सहभागिता रहेको थिएन । हसिना सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरूपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप लगाउँदै आएका छन् ।

बंगलादेशको सर्वोच्च अदालतले आधाभन्दा बढी सरकारी जागिर निश्चित समूहका लागि आरक्षित गरेको कोटा योजनालाई पुनः लागू गरेको विरोधमा जुलाईको सुरुमा प्रदर्शन सुरु भएको थियो । सरकारी आँकडाअनुसार करिब एक करोड ८० लाख युवा बंगलादेशीहरू बेरोजगार छन् र यो कदमले गम्भीर रोजगारी संकटको सामना गरिरहेका स्नातकहरूलाई निराश बनाएको छ ।

प्रहरी र सरकार समर्थित विद्यार्थी समूहहरूले प्रदर्शनकारीहरूमाथि आक्रमण नगरेसम्म प्रदर्शनहरू धेरै हदसम्म शान्तिपूर्ण थिए । सरकारले अन्ततः राष्ट्रव्यापी कफर्यु लगायो, सेना परिचालन गऱ्यो र देशको मोबाइल इन्टरनेट नेटवर्क ११ दिनका लागि बन्द गऱ्यो ।

युरोपियन युनियनका विदेश नीति प्रमुख जोसेप बोरेलले यसै साता 'प्रदर्शनकारीविरुद्ध अत्यधिक र घातक शक्ति' को प्रयोग भएको भन्दै अन्तर्राष्ट्रिय छानबिनको माग गरेका थिए । गृहमन्त्री असदुज्जमान खानले गत साता पत्रकारसँग कुरा गर्दै सुरक्षा फौजले संयमताका साथ काम गरिरहेको तर सरकारी भवनको रक्षाका लागि 'गोली चलाउन बाध्य भएको' बताएका थिए ।

### ३२ बालबालिकाको मृत्यु

संयुक्त राष्ट्रसंघीय बालबालिकासम्बन्धी निकाय (युनिसेफ)का अनुसार बंगलादेशमा आरक्षणको विरोधमा विद्यार्थीले गरेको प्रदर्शनका क्रममा ३२ बालबालिकाको मृत्यु भएको छ । युनिसेफका एक प्रवक्ताका अनुसार मारिएकामध्ये एक जना पाँच वर्षको पनि नभएको बताइएको छ। मारिनेमध्ये अधिकांशले विरोध प्रदर्शन हेरिरहेका थिए।

युनिसेफका दक्षिण एसिया क्षेत्रीय निर्देशक सञ्जय विजेसेकराले यसै साता आफ्नो बंगलादेश भ्रमणका क्रममा धेरै बालबालिकालाई हिरासतमा राखिएकोबारे आफूलाई जानकारी गराइएको र ३२ बालबालिकाको मृत्यु भएको पुष्टि गरे । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४९९०० | प्रति तोला - १३७९१० | प्रति तोला - १७९५ |



**ग्राहकको प्रतीक्षा** | सर्लाहीको मलंगवा-९ स्थित जनसागर बजारमा माटोबाट निर्मित सामग्री बिक्रीका लागि ग्राहकको प्रतीक्षामा बसेकी व्यापारी ।
*तस्बिरः विश्वनाथ ठाकुर/रासस*

# ‘साना उद्योगको प्रवर्द्धनमा सरकार लागेको छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निर्यातजन्य वस्तु साना तथा मझौला उद्योगमा प्रचुरमात्रामा रहेका भन्दै त्यस्ता उद्योगको प्रवर्द्धनमा सरकार हरतरहले लागेको बताएका छन्।नेपाल घरेलु तथा साना उद्योग महासंघका पदाधिकारीहरूसँग भएको छलफलमा उनले उद्योग मन्त्रालय र नेपाल घरेलु तथा साना उद्योग महासंघका पदाधिकारीबीच निरन्तर समन्वय र सहकार्य भएमा मुलुकको औद्योगिक विकासमा सहयोग पुग्ने बताए ।

आत्मनिर्भर अर्थतन्त्रको बाटो भनेकै लघु, घरेलु, साना तथा मझौला उद्योग हुन् भन्दै मन्त्री भण्डारीले भने, ‘घरेलु तथा साना उद्योग भनेको तान बुन्ने मात्रै होइन कषि उद्योग पनिहो, विभिन्न उत्पादनमूलक उत्पादन, जडीबुटी सङ्कलन पनि हो । यी क्षेत्रलाई



अझ समृद्ध बनाउनुहोस् । त्यसका लागि सहजीकरण गर्न मन्त्रालय तयार छ ।’ उद्योगी व्यवसायीलाई प्रोत्साहित गर्ने र उद्योग व्यवसायको विकासका लागि सरकार प्रतिबद्ध रहेको उद्योगमन्त्रीको भनाइ थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले साना उद्योगीहरूकै लागि ‘स्टार्टअप’ कार्यक्रम ल्याइएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए । उद्योग क्षेत्रको विकासका लागि लघु, घरेलु तथा साना उद्योगीहरूको भूमिकाको सराहना गर्दै उनले मन्त्रालयले उद्योगको विकासका लागि वार्षिक पुस्तिका नै तयार गरेर अगाडि बढेकाले सोही अनुरूप साथ दिन महासंघलाई आग्रह गरे ।

महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले संघीय संरचना अनुरूप स्थानीय, प्रदेश र केन्द्रीय सरकारको कार्यक्षेत्र र जिम्मेवारी उल्लेख गरिएको औद्योगिक नीति तर्जुमा गर्न आवश्यक भएको बताए । उनले विगतमा तीन तहकै सरकार सञ्चालनका क्रममा भोगेका अनुभवहरूको आधारमा औद्योगिक व्यवसाय ऐनमा सामयिक परिमार्जनको आवश्यकता औंल्याए ।

महासंघका पूर्वअध्यक्षहरू वासु गिरी र लता प्याकुरेल, श्याम गिरी, वरिष्ठ उपाध्यक्ष सूर्य कँडेल, उपाध्यक्षहरू शोभा गुरुङ र सत्यनारायण प्रजापति, महासंघ बागमती प्रदेशका उपाध्यक्ष रामकृष्ण खड्का, महासंघ बागमती प्रदेश महिला समिति अध्यक्ष सुलोचना श्रेष्ठ, महासंघ काठमाडौं जिल्ला अध्यक्ष सीता कार्की, भक्तपुर जिल्ला अध्यक्ष प्रेम खर्बुजा, भक्तपुर जिल्ला पूर्वअध्यक्ष विरेन्द्र जत्ति, काठमाडौं जिल्ला अध्यक्ष सीता कार्की, महासंघका कार्यकारिणी सदस्य विनोददेव पन्त, डिल्लीराम गिरीलगायतको सहभागिता रहेको थियो ।

# अधुरा आयोजना पूर्णताको माग

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीका अधुरा आयोजनालाई पूर्णता दिन जनप्रतिनिधि र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेताहरूको टोलीले प्रधानमन्त्री र विभागीय मन्त्रीहरूको ध्यानाकर्षण गराएका छन् ।

नेकपा (एमाले) म्याग्दीका नेता तथा एमालेबाट जिल्लामा निर्वाचित भएका जनप्रतिनिधिको टोलीले प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री देवेन्द्र दाहाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलगायत मन्त्रीहरूलाई भेटेर ११ बुँदे मागपत्र बुझाएका हुन् ।

विपद्बाट क्षति पुगेका सडक मर्मत तथा वैकल्पिक सडक, मोटरेबल पुल निर्माण, बस्ती संरक्षण र अधुरा आयोजनालाई पूर्णता दिन प्रधानमन्त्री र विभागीय मन्त्रीहरूलाई ध्यानाकर्षण गराइएको एमाले म्याग्दीका अध्यक्ष बालकृष्ण सुवेदीले जानकारी दिए ।

बेनी-दरवाङ सडकअन्तर्गत फापरखेतको पहिरोको विकल्पमा बेलीब्रिज जडान गर्न, पहिरोले क्षतिग्रस्त बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डलाई पूर्णता दिन, पोखरेबगर-घोडेपानी सडकको लुलिया घुम्तीको पहिरो नियन्त्रण गर्न, बेनी बजार संरक्षण आयोजनाको बजेट बढाउन, बेनी-दरवाङ-सोलेडाडा-लामेला-बुर्तीबाङ सडकलाई मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको वैकल्पिक सडक बनाउन माग गरिएको छ ।

बेनी बजारस्थित म्याग्दी र कालीगण्डकी किनारको सडकलाई चक्रपथको रूपमा विकास गर्न, अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको प्रभा माविको भवनको अपुग बजेटको व्यवस्था मिलाउन माग गरिएको छ ।

गलेश्वर-मौवाफाँट-चिमखोला सडक, भगवती-बेग-बादुक सडक, बृहत् चिमखोला-पिप्ले-भगवती सडक आयोजनालाई बहुवर्षीय ठेक्का लगाउन स्रोतको सुनिश्चितता गराउन र प्रस्तावित ५३ मेगावाट क्षमताको बाँधस्थल परिवर्तन गरेर मात्र निर्माण अघि बढाउन माग गरेका छन् ।

नेकपा (एमाले) केन्द्रीय सदस्य भूपेन्द्र थापा, नरदेवी पुन, प्रदेश कमिटी सदस्यहरू हरिकृष्ण श्रेष्ठ, जिल्ला कमिटी अध्यक्ष बालकृष्ण सुवेदी, जिल्ला समन्वय समिति प्रमुख राजकुमार थापा, बेनी नगरपालिकाका प्रमुख सुरत केसी, अन्नपूर्ण गाउँपालिका अध्यक्ष भरत पुन, मालिका गाउँपालिका अध्यक्ष बेग गर्बुजा र मङ्गला गाउँपालिका उपाध्यक्ष प्रेमा अधिकारीको टोलीले प्रधानमन्त्री र विभागीय मन्त्रीहरूलाई भेटेर जिल्लाको विकास निर्माणका विषयमा ध्यानाकर्षण गराएका हुन् ।

मागपत्र बुझेपछि प्रधानमन्त्री ओलीले प्रधानमन्त्रीले सम्बन्धित मन्त्रालय र निकायमा समन्वय गर्न निर्देशन दिएका थिए । अर्थमन्त्री विष्णु पौडेलले यही आर्थिक वर्षमा सम्भव भएका माग पूरा हुने र बाँकी मागहरू अर्को आर्थिक वर्षमा समावेश हुने प्रतिबद्धता जनाए ।

# सर्लाहीमा थपिए १४०० नयाँ उद्योग

**सर्लाही (प्रस)–** सर्लाहीमा गत आर्थिक वर्षमा एक हजार चार सय ३५ नयाँ उद्योग दर्ता भएका छन् । आर्थिक वर्ष २०८०/८१ मा उद्योगतर्फ छ सय ६० र वाणिज्यतर्फ सात सय ७५ नयाँ उद्योग दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको हो । उद्योग प्रशासनअन्तर्गत दर्ता भएकामध्ये धेरै कृषि फार्म रहेको कार्यालय प्रमुख संजीपकुमार दुब्बेले जानकारी दिए । उनका अनुसार गत आर्थिक वर्षमा जिल्लामा कृषि तथा वनजन्य तीन सय पाँच, सेवामूलक दुई सय, उत्पादनमूलक एक सय ३९, पर्यटनमूलक र निर्माणमूलक आठ-आठ उद्योग दर्ता भएको छ । जिल्लामा व्यावसायिक कृषिका लागि धेरै फार्म दर्ता हुने गरेका उनले जानकारी दिए ।

यस्तै गत आवमा तीन सय ९१ उद्योगको लगतकट्टा भएको छ । लगतकट्टा भएकामध्ये धेरै कृषि उद्योगअन्तर्गत रहेका छन् । यसैगरी उद्योग प्रशासनतर्फ एक सय ४९ वटा र वाणिज्य प्रशासनतर्फको दुई सय ४२ वटा उद्योग बन्द गरिएको हो । ‘धेरै बन्द गरिएकामा कृषि उद्योगका फार्म छन्’, उद्योग अधिकृत दुब्बेले भने, ‘कृषि अनुदानअन्तर्गत कार्यक्रम सञ्चालनका लागि खोलिएका उद्योग धेरैको लगतकट्टा गरिएको छ ।’

यस्तै गत वर्ष उद्योग प्रशासनतर्फका आठ सय ८७ उद्योग र वाणिज्यतर्फका एक हजार पाँच सय नौवटा उद्योग नवीकरण भएका कार्यालयले जनाएको छ ।

# दुई महिनामै २ करोडका सुपारीका बिरूवा बिक्री

**झापा–** जिल्लामा दुई महिनाको अवधिमा रु एक करोड ८० लाख मूल्य बराबरका सुपारीका बिरुवा बिक्री भएका छन् । सुपारीखेती विस्तार हुन थालेपछि बिरुवाको माग ह्वात्तै बढेको व्यवसायी बताउँछन् ।

सुपारी उत्पादक किसान संघ नेपालका अध्यक्ष निलकण्ठ तिवारीले जेठ र असार महिनामा स्थानीय सुपारी नर्सरीबाट एक लाख ५० हजार बिरुवा बिक्री भएको बताए । ‘अहिले बर्खाको समयमा किसानहरूले सुपारीका बिरुवा रोप्ने गरेका छन्’, उनले भने, ‘अन्नबालीको तुलनामा बढी आम्दानी हुने भएकाले झापामा सुपारी खेतीको लहर चलेको छ ।’

मेचीनगर-११ धाइजनमा निजी नर्सरी सञ्चालन गर्दै आएका नारायाण रिजालले यसपाली सुपारीका बिरुवाको माग धान्न हम्मे-हम्मे भइरहेको बताए । जिल्लामा सुपारीखेतीका विस्तारसँगै बिरुवाको माग बढेको उनको ठम्याइ छ ।

उनले यसपालीको बर्खे अवधिका लागि भनेर १५ हजार बिरुवा हुर्काएका थिए । असारसम्ममा १० हजार बिरुवा बिक्री भइसकेको र अब पाँच हजार बिरुवा नर्सरीमा रहेको उनले जानकारी दिए । बिक्री भएका १० हजार बिरुवाबाट उनले रु १२ लाख आम्दानी गरेका छन् ।



किसानहरूले सुपारीका बिरुवा प्रतिगोटा रु एक सयदेखि रु एक सय २० सम्ममा किनेर लैजाने गरेका छन् । जिल्लाको मेचीनगर, बुद्धशान्ति, अर्जुनधारालगायतका क्षेत्रमा दर्जनौं अनुभवी किसान र सुपारी सहकारीले सुपारीका बिरुवा बिक्री गर्दै आएका छन् ।

‘सहकारीले उत्पादन गरेका बिरुवासमेत खरिद गरेर किसानहरूलाई बेच्दै आएको छु’, उनले भने, ‘मागअनुसारको बिरुवा उपलब्ध गराउन गाह्रो भइरहेको छ ।’ भारतीय व्यापारीले टिस्यूकल्चर गरिएको, हाइब्रिड जातको र तीन वर्षमै फल्ने भनेर ग्रामीण क्षेत्रमा डुलाएर बिक्री गर्दै आएको सुपारीका बिरुवासँग भने किसानहरू होसियार हुनुपर्ने नर्सरी व्यवसायी रिजाल बताउँछन् । ‘सुपारीका बिरुवा रोपेको छ वर्षमा फल्ने हो, तीन वर्षमा होइन’, उनले भने, ‘किसान साथीहरू होसियार हुनुहोस्, टिस्यूकल्चर गरेको सुपारीकै बिरुवा हुँदैन ।’ सुपारीका बिरुवामा झापा आत्मनिर्भर रहेको हुँदा आयातित बिरुवा प्रयोग नगर्न उनले आग्रह गरे ।

सुपारी उत्पादक किसान सङ्घ नेपालका अध्यक्ष तिवारीले जिल्लामा तीन हजार छ सय ७५ हेक्टर जमिनमा सुपारीखेती रहेको बताए । केही वर्षयता धान र चियाखेती मासेर किसानहरूले धमाधम सुपारीका बिरुवा रोप्न थालेका कारण सुपारीखेतीको क्षेत्रफल बढिरहेको उनको भनाइ छ ।

झापा सुपारीखेतीका लागि उर्वर हावापानीयुक्त स्थान मानिएको छ । हात्ती लगायतका जङ्गली जनावरले अन्न र तरकारीबाली खाएर क्षति गरिदिने हुँदा किसान वैकल्पिक खेतीको रूपमा सुपारीतर्फ आकर्षित भएका हुन् ।

खेती गर्न सजिलो, कम लगानी हुने र बढी आम्दानी दिने नगदे बाली भएकाले सुपारीखेतीतर्फ आकर्षित भएका किसानलाई सरकारले समेत प्रोत्साहित गर्दै आएको छ । नेपाल सुपारीखेती जोन झापाका जिल्ला अध्यक्ष दीपक गौतमले जिल्लाको अर्जुनधारा, मेचीनगर, बुद्धशान्तिका वडालाई समेटर सुपारी जोन घोषणा गरिएको बताए । उनले जोन अन्तर्गत सात सय ७८ हेक्टर क्षेत्रफलमा सुपारीको व्यावसायिक खेती भइरहेको बताए ।

यहाँका नर्सरीहरूमा उत्पादित सुपारीका बिरुवा किन्न इलाम, मोरङ र सुनसरीदेखिका किसान आउने गरेका छन् । नागबेली सुपारी सहकारी संस्था र रमिते सुपारी सहकारी संस्थाले ठूलो संख्यामा सुपारीका बिरुवा उत्पादन गरेर बिक्री गरिरहेको जनाएका छन् । *रासस*

# लघुउद्यमबाट आयआर्जन गर्दै बाँकेका दलित महिला

**बाँके–** सृजनशील दलित महिला समूहमा आवद्ध दलित महिला गाउँमै लघुउद्यम सञ्चालन गरेर आर्थिक रूपमा सबल बन्दै गएका छन् ।

‘पाँच वर्षअघि समूहमा लागेर खाजा पसल सञ्चालन गर्ने सोच आएको हो, अहिले राम्रो भएको छ । घरखर्च र छोरा छोरीलाई स्कूल पढाउन नास्ता पसलबाटै पुगेको छ’, महिला समूहमा आवद्ध रहनुभएकी सुनिता विकले भनिन्, ‘मैले पसल सञ्चालन गरेर घरखर्च धानेँ, श्रीमान्ले कतारमा कमाएको पैसा बचाउन सक्यौँ ।’

बाँकेको खजुरा गाउँपालिका-६ सिमलघारी निवासी सुनिता विकले गाउँमै सञ्चालन गरेको नास्ता पसलबाट मनग्य आम्दानी गर्दै आएकी छिन् । सिमलघारी चोकमै रहेको पसलबाट अहिले दैनिक रु दुईदेखि तीन हजारसम्मको नास्ता बिक्री हुने गरेको छ ।

सुनिताजस्तै बाँकेको खजुरा, बैजनाथ र डुडुवा गाउँपालिकाका धेरै दलित महिला विभिन्न व्यवसाय सञ्चालन गरी आर्थिक रूपमा सबल बन्न थालेका छन् । थोरै पैसाका लागि विगतमा श्रीमान्को भर पर्दै आएका महिला अहिले कुखुरापालन, तरकारीखेती, सौन्दर्य कला, होटल व्यवसायलगायत विभिन्न व्यवसाय सञ्चालन गरी आर्थिक रूपमा क्रमशः सबल बन्दै गएका छन् ।

समूहमा आबद्ध भएर किराना तथा फलफूल पसल सञ्चालन गर्दै आएकी बैजनाथ गाउँपालिका-३ निवासी जुना विकले आर्थिक आम्दानीमा सुधार भएसँगै छोराछोरीलाई राम्रो शिक्षा दिन सकेको बताइन् । आर्थिक अवस्था कमजोर भएका यस्ता महिलाका लागि स्थानीय सरकारले सहयोग गर्नसके महिला हिंसा घटाउन मद्दत पुग्ने उनको बुझाइ छ ।

विगतमा रोजगारीका अवसर नभएको भन्दै भारत जाने विपन्न वर्गका दलित महिला पछिल्लो समय गाउँगाउँमा महिला समूह निर्माण गरी स्वरोजगारमूलक व्यवसायमा संलग्न भएको खजुरा गाउँपालिका-१ स्थित हातेमालो कृषक समूहकी अध्यक्ष बिन्दु विकले बताइन् ।

हातेमालो समूहअन्तर्गतका २५ जना दिदीबहिनीले गाउँमा सामूहिक धान रोपाइँ गरेर रु तीन लाख बचत गर्न सफल भएका छन् । गत वर्ष १७ जनाको समूह बनाएर सामूहिक रोपाइँको सुरु गरेका थियौं, त्यसबाट रु एक लाख पाँच हजार आम्दानी भएकामा यस वर्ष २५ जनाको समूहबाट धान रोपाइँ गर्दा रु एक लाख ८५ हजार आम्दानी भएको हातेमालो कृषक समूहकी सचिव अञ्जली सुनारले बताइन् ।

दलित महिला सङ्घको सहजीकरणमा गाउँगाउँमा गठन भएका समूहमा आवद्ध भएर दलित महिला सामाजिक तथा आर्थिक रूपमा सक्षम भएका छन् । दलित महिलालाई सामाजिक तथा आर्थिक रूपमा सबल बनाउन खजुरा, बैजनाथ र डुडुवा गाउँपालिकामा २० देखि २५ जना सदस्य रहेका ५४ महिला समूह सक्रिय रहेका दलित महिला सङ्घकी अध्यक्ष निर्मला सुनारले बताइन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ